# मेरो भनाइ

शिक्षा संसार परिवर्तन गर्ने महत्वपूर्ण औजार हो । शिक्षाको माध्यमबाट नै मानव मस्तिष्कहरु परिवर्तन हुन्छ । शिक्षाले व्यक्तिमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्दै मान्छेलाई मानव बनाउने, नैतिकवान चरित्रवान तथा आदर्श नागरिक बन्नको निम्ति मार्गदर्शन गर्दछ। शिक्षाको माध्यमबाट संसारमा विकसित भइरहेको ज्ञान र प्रविधिका कारण संसार साघुँरिएको छ । वर्तमान सन्दर्भमा अन्तराष्ट्रिय प्रतिस्पर्धामा प्रतिस्पर्धी हुन सक्ने विषयमा दक्षताको आवश्यकता बढीरहेको छ भने आफ्नो धरातलीय यथार्थता र सभावनाहरुको पहिचान गरी सामाजिक, साँस्कृतिक र राजनैतिक मूल्य मान्यताहरुसँग परिचित हुदै विद्यार्थीहरुमा आफ्नो स्थानीय भाषा, सस्कृति, पेशा व्यवसाय, सभ्यता आदि लगायतका आर्थिक तथा मानव विकास एवम् समृद्धिका सम्भावनाहरुको बोध गराई आफ्नो पहिचान गर्ने गराउने अवसरका रुपमा स्थानीय पाठ्यक्रम विकास गर्न आवश्यक भएकाले म्याङ्लङ नगरपालिकाद्धारा निर्माण गरिएको यो पाठ्यक्रम सोही उदेश्यमा परिलक्षित रहेको छ।

यो पाठ्यक्रम निर्माणको क्रममा आधारभूत तह (१-३) को पाठ्यक्रम २०७६ तथा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, स्थानीय पाठ्यक्रम निर्देशिका २०७६ ले तोकेको विधि तथा प्रक्रियाका आधारहरु पूरा गरी तयार गरिएको छ। पाठ्यक्रम निर्माणको क्रममा म्याङ्लुङ नगरपालिका नगरशिक्षा समितिले स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गरी राजनीतिकर्मीहरु, जनप्रतिनिधिहरु, शिक्षाविद्, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका प्रधानाध्यापक, भाषाविद्, शिक्षक तथा शिक्षकका पेशागत संघ संस्थाका प्रतिनिधि, अभिभावक लगायत स्थानीय सरोकारवाला व्यक्तिहरुसँग छलफल गरी प्राप्त राय सुझावलाई समेत समावेस गरी पाठ्यक्रम निर्माण समितिले तयार गरेको गरेको छ । पाठ्यक्रम निर्माण समिति लगायत पाठ्यक्रम निर्माणमा संलग्न सबैलाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छु ।

शैक्षिक वर्ष २०७७ देखि कक्षा १ बाट क्रमशः लागु हुदै कक्षा ८ सम्म कार्यान्वयन हुने यो स्थानीय पाठ्यक्रम म्याङ्लुङ नगरपालिका भित्रका विद्यार्थिहरुले नगरपालिका क्षेत्रभित्रको भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक, ऐतिहासिक एवम पर्यावरणीय लगायतका बिषयहरुमा व्यवाहारिक ज्ञान, सीप तथा अभिवृत्ति विकास गर्ने अपेक्षा गरिएको छ ।

यो पाठ्यक्रम निर्माणको क्रममा अहोरात्र खट्ने पाठ्यक्रम निर्माण समिति, महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्ने सल्लाहाकार समिति, वडाअध्यक्ष ज्यूहरु तथा कार्यपालिका सदस्यहरु एवम नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।अन्त्यमा, पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुनेछ भन्ने विश्वास गर्दै कार्यान्वयनका क्रममा देखिएका अफठ्याराहरु औल्याई आवश्यक परिमार्जन र सुधारका लागि अमुल्य सुझावहरु प्रदान गरिदिनु हुन सम्वन्धित सम्पूर्ण सरोकारवाला महानुभावहरुमा म्याङ्लुङ नगरपालिकाको तर्फबाट हार्दिक अनुरोध गर्दछु ।

संजय कुमार तुम्वाहाङ्फे
नगरप्रमुख
म्याङ्लुङ नगरकार्यपालिका, तेह्रथुम ।

# म्याङ्लुङ नगरपालिकाको स्थानीय पाठ्यक्रम २०७७

१. परिचय

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । नेपाल संघीय शासन प्रणालीमा प्रवेश गरेको वर्तमान सन्दर्भमा तीन तहका सरकारहरु मार्फत शासन प्रणाली संचालित छ । सवल र अधिकार सम्पन्न स्थानीय तहहरु आफ्नो क्षेत्रभित्रको शासकीय प्रणाली सञ्चालन गर्न स्वायत्त छन ।

देशको शैक्षिक प्रणाली मुलत संघीय सरकारको नियन्त्रणमा कायमै छ । यद्यपि माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहसम्म विस्तार हुन थालेका छन । प्राथमिक तहको पाठ्यक्रम २०७६ तथा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ एवं सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५)ले स्थानीय विषयको अवधारणा अगाडि सारे तापनि यसको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको थिएन । संघीय प्रणाली अनुरुप स्थानीय तहको पहिलो निर्वाचन पश्चात यसको कार्यान्वयनमा तदारुकता देखिएको छ ।

विद्यालय शिक्षाको आधारभूत तह कक्षा (१-८) सम्म स्थानीय विषयवस्तुमा आधारित भई स्थानीय पाठ्यक्रम निर्माण हुने व्यवस्था रहेको छ । मानव जीवनको व्यवहारिक क्रियाकलापहरु जहा हुन्छन प्रत्यक्षरुपमा व्यक्ति जहा रहेको हुन्छ त्यही ठाँउ उसको लागि स्थानीय हुन्छ । सोहि ठाउँको परिवेश, रहनसहन, धर्म, संस्कृति, व्यक्तिका लागि महत्वपूर्ण हुन्छ । यिनै कुराहरु प्रति केन्द्रित रही तिनकै संरक्षण, संवर्धन, विकास अनि तिनै कुराहरुका बीचमा आफूलाई राखेर समायोजन हुन सक्नु हरेकका लागि आवश्यक हुन्छ । वास्तवमा स्थानीय पाठ्यक्रमको उदेश्य पनि यहि कुरातर्फ उन्मुख रहेको हुन्छ । स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको समुचित व्यवस्थापन र प्रयोग, स्थानीय आवश्यकताको परिपूर्तिमा स्थानीय विषयवस्तुले खेल्ने भूमिका प्रमूख हुन्छ । पाठ्यक्रम जहिले पनि समय सापेक्ष हुन्छ र हुनुपर्दछ । स्थानीय पाठ्यक्रम समाज सापेक्ष हुनु पर्दछ भन्ने कुरालाई अरु बढी सार्थक वनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । संघीय पाठ्यक्रमले मात्र हरेक समाजका चाहना र आवश्यकताको परिपूर्ति गर्न तथा समाजको मौलिक पक्षको उजागर गर्न कठिन प्राय हुन्छ । विद्यालय तहको पाठ्यक्रममा गरिएको व्यवस्था अनुसार म्याङ्लुङ नगरपालिकाले नगरक्षेत्र भित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक वर्ष २०७७ क्रमश कक्षा १ देखि आधारभूत तह कक्षा ८ सम्म लागु हुने गरी यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

## २. म्याङ्लुङ नगरपालिकामा स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

नेपालको पूर्वी पहाडी जिल्ला तेह्रथुमको सदरमुकाम क्षेत्र समेटेर रहेको नगरपालिका म्याङ्लुङ नगरपालिका हो । यहाँ विभिन्न जातजाति, भाषा भाषी, धर्म संस्कृति तथा परम्परा भएका मानिसहरुको बसोवास छ। गुँरासको राजधानी तिनजुरे मिल्के जलजले बोलीचालीको भाषामा टि.एम.जे. क्षेत्रको काखमा अवस्थित यो नगरपालिका विकासका विभिन्न सम्भावनाहरु वोकेको नगरपालिका हो । खोरुङ्गा खोला, लुम्वु खोला तथा तमोर नदिले वरिपरि छेकेर नगरलाई वीचमा पारेको छ । विभिन्न प्रजातिका बोटविरुवा जडिबुटी, चट्टान, जीवजन्तु यहाँ पाइन्छन । यो नगरपालिका विभिन्न अन्नवाली तरकारी, फलफूल एवं नगदेवाली उत्पादन हुने क्षेत्र पनि हो । तेह्रथुमे ढाका यहाको प्रशिद्ध उत्पादन हो । मेयङ्लुङ देवी सिंहवाहिनी भगवती मन्दिर, सिमिनाक्सी पाथिभरा लगायत विभिन्न शिवालयहरु, दुर्गा मन्दिर, राधाकृष्ण मन्दिर एवं चर्च तथा गुम्वाहरु यस नगरपालिका क्षेत्रभित्रका धार्मिक सम्पदा रहेका छन । तर यहा अध्ययनरत विद्यार्थीहरु नगरका यिनै मौलिकता, सम्पदा का रुपमा तथा वास्तविकतासँग परिचित हुने औपचारिक पद्धति एवं माध्यमको अभावमा रहिरहे । यस स्थानीय पाठ्यक्रमले कम्तिमा पनि आधारभूत तह (कक्षा १-८)का विद्यार्थीका लागि नगरको मौलिकता, वास्तविकता तथा सम्पदासंग परिचित हुने औपचारिक माध्यमका रुपमा काम गर्ने छ । यस नगरपालिकाको स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य देहायवमोजिम रहेको छ ।

- म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका स्थानीय भाषा, संस्कृति, तथा सम्पदाहरुको संरक्षण, संरक्षण तथा विकास गर्न ।
- नगरको सम्मृद्धिमा सहयोगी भूमिका निर्वाह गर्न ।
- स्थानीय स्रोत, साधनको उपयोगलाई वढाउन।
- स्थानीय चाहना तथा आवश्यकतालाई सम्वोधन गर्न ।
- स्थानीय ज्ञान, सीप तथा प्रविधिको उपयोग गर्न ।
- विविधताको पहिचान तथा सम्मान गर्न।
- स्थानीय मौलिकतालाइ जोगाई राख्न।
- सामाजिक सहयोग, सदभाव तथा एकतालाई वलियो वनाउन ।

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

नगर प्रमुख

## ३. शिक्षण सामग्री, शिक्षण विधि, तथा समय निर्धारण र शिक्षणको माध्यम

यस पाठ्यक्रम ढाँचा अनुसार पठनपाठन कार्य गर्दा विषयवस्तुको प्रकृति अनुसार स्थानीय स्तरमा उपलव्ध हुन सक्ने सामग्रीको प्रयोगमा जोड दिनु पर्नेछ । सामग्रीहरु विद्यार्थीको स्तर अनुसारका तथा विषयवस्तुसंग मेलखाने हुनु पर्दछ । वढी भन्दा वढी वास्तविक वस्तुको पर्दशन तथा स्थलगत अवलोकन भ्रमणमा जोड दिनुका साथै स्थानीय विज्ञ तथा जानकारहरुको सहयोग लिई शिक्षण गर्नु पर्ने ढाँचाको पाठ्यक्रम रहेको छ । चित्र, नक्सा, पोष्टर, नमुना लगायत उपलव्ध हुनसक्ने सामग्रीहरु संकलन गर्ने कुरामा जोडदिनु पर्नेछ।

सामान्यतया पाठ्यक्रम ढाँचामा उल्लेख गरिएका शिक्षण सिकाई क्रियाकलापलाई शिक्षण विधिको रुपमा अवलम्वन गर्नुपर्नेछ; तर विद्यार्थीको क्षमता, रुचि तथा विविधता अनुसार शिक्षण सिकाइ अन्य कृयाकलापहरु तथा विधिहरु समेत प्रयोग गर्न सकिने छ । वढी भन्दा वढी विद्यार्थी केन्द्रित सिकाइ कृयाकलाप सञ्चालन गर्नु पर्ने छ।

एक शैक्षिक सत्रमा ३२ हप्ता पठनपाठन हुने आधारमा १ पाठ्यघण्टा वरावर ३२ पाठ्यघण्टी कायम हुनेछ । यस आधारमा कक्षा १ देखि ३ सम्म ५ पाठ्यघण्टा अर्थात वार्षिक १६० कार्यघण्टा हुनेछ । कक्षा ४ देखि ८ सम्मको पाठ्यघण्टा ४ अर्थात वार्षिक १२८ कार्यघण्टा पठनपाठन हुनेछ । शिक्षण सिकाइको माध्यम नेपाली भाषा वा स्थानीय हुनेछ।

### स्थानीय पाठ्यक्रमका विषयक्षेत्र र पाठ्यघण्टा

| क्षेत्र | पाठ्यघण्टा | | | | | |
|---|---|---|---|---|---|---|
| | कक्षा १-३ | | कक्षा ४-५ | | कक्षा ६-८ | |
| | सैद्धान्तिक | व्यवहारिक | सैद्धान्तिक | व्यवहारिक | सैद्धान्तिक | व्यवहारिक |
| १ | १० | १० | ८ | ८ | ६ | ६ |
| २ | १२ | १२ | ११ | ११ | ८ | ८ |
| ३ | १२ | १२ | १० | १० | ७ | ७ |
| ४ | १२ | १२ | ११ | ११ | ८ | ८ |
| ५ | १२ | १२ | ११ | ११ | ८ | ८ |
| ६ | १२ | १२ | ११ | ११ | ७ | ७ |
| ७ | १० | १० | १० | १० | ६ | ६ |
| ८ | — | — | ८ | ८ | ८ | ८ |
| ९ | — | — | — | — | ६ | ६ |
| जम्मा | ८० | ८० | ८० | ८० | ६४ | ६४ |

## विद्यार्थी मूल्याङ्कन योजना

शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन रहेको हुन्छ । अथवा पाठ्यक्रमको एउटा महत्वपूर्ण तत्वको रुपमा मूल्याङ्कन रहेको हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका सिकाई सक्षमता अनुरुपका ज्ञान, सीप, अनुभव तथा व्यवहारहरु विद्यार्थीले हासिल गरे नगरेको लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ ।

यस पाठ्यक्रम अनुसार विद्यार्थी मूल्याङ्कनका लागि आवधिक मूल्याङ्कन र निरन्तर मूल्याङ्कन पद्धति अवलम्वन गरिने छ । यसका लागि कक्षा १ देखि कक्षा ३ सम्म निरन्तर मूल्याङ्कन पद्धति अपनाइने छ भने कक्षा ४ र ५ को ५० प्रतिशत निरन्तर मूल्याङ्कन र ५० प्रतिशत आबधिक मूल्याङ्नक हुने छ । कक्षा ६ र ७ को ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आबधिक मूल्याङ्नक हुने छ । निरन्तर मूल्याङ्कन गर्ने तरिका र मापदण्डहरु सोही कक्षाका अन्य विषयहरुको सरह नै हुनेछ ।

आधारभूत तहको अन्त्यमा नगरपालिका स्तरीय परीक्षा सञ्चालन हुनेछ । अक्षराङ्क पद्धतिवाट प्राप्ताङ्क उल्लेख गरिने छ उक्त परीक्षाको उतिर्णाङ्क ४० प्रतिशत हुनेछ । यसका लागि विशिष्टीकरण तालिका निर्माण गरिने छ । नगरपालिका स्तरीय परीक्षाको पूर्णाङ्क ७५ अंकको हुनेछ भने २५ अंकको आन्तरिक प्रयोगात्मक परीक्षा हुनेछ ।

म्याङ्लुङ नगरपालिका, तेह्रथुम ।

**स्थानीय पाठ्यक्रम आधारभुत तह (१-८) पाठ्यक्रमको क्षेत्र र क्रम**

| क्षेत्र | क्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा-१ | कक्षा-२ | कक्षा-३ | कक्षा-४ | कक्षा-५ | कक्षा-६ | कक्षा-७ | कक्षा-८ |
| • म्याङ्लुङ नगर पालिकाको परिचय<br>- नामाकरण, भौगोलिक अवस्था, क्षेत्रफल, वडा विभाजन<br>- जनसंख्या, जातजाती, भाषा, धर्म, संस्कृति<br>- म्याङ्लुङ नगरपालिकाद्वारा प्रदान गरिने सेवाहरुः | - मेरो बस्ने ठाँउ<br>- मेरो नगरपालिका<br>- मेरो घर र विद्यालमा बोलिने भाषाहरु | - हाम्रो नगरपालिकाको वडा संख्या र मेरो वडा<br>- मेरो वडामा बोलिने भाषाहरु र वडामा वसोवास गर्ने जातजातिहरु | - हाम्रो नगरपालिक को स्वरुप र हावापानी<br>- मेरो नगरपालिका भित्रका प्रचलित धर्महरु | - हाम्रो नगरपालिकाको जनप्रतिनिधिहरु<br>- वडा समिति गठन प्रकृया | - हाम्रो नगरपालिकाको भौगिलिक अवस्थिति र क्षेत्रफल<br>- मेरो नगरपालिकाको जातजातिगत जनसंख्या विवरण | - वडाकार्यालयबाट प्रदान गरिने सेवाहरु र सेवा प्राप्त गर्ने तरिकाहरु<br>- नगरपालिकाको ऐतिहासिक पृष्ठभूमी | - नगरपालिकाद्वारा प्रदान गरिने मुख्य सेवाहरु र सेवा प्राप्त गर्ने तरिकाहरु<br>- वडाध्यक्षको काम कर्तब्य र अधिकार | - नगर कार्य समिति र यिनको गठन प्रक्रिया<br>- नगर प्रमुख उप-प्रमुखको काम कर्तब्य र अधिकार |
| • म्याङ्लुङ नगरपालिका क्षेत्र भित्र उत्पाद हुने कृषिजन्य वस्तुहरु र कृषक का समस्याहरु<br>• म्याङ्लुङ नगरपालिका क्षेत्र भित्र प्रयोग हुने कृषि औजारहरु | - मेरो घरमा उत्पादन हुने अन्नबाली र फलफूलहरु<br>- मेरो घरमा भएका कृषि औजारहरु | - आफ्नो घर तथा वरपर उत्पादन हुने अन्नबाली दलहन तथा तेलहन<br>- ती वस्तुहरु उत्पादन हुने लगाउने र फल्ने समय<br>- घरवारीमा भएका फलफूल फूल्ने र पाक्ने समय । | - आफ्ना वडामा उत्पादन हुने नगदे वालीहरु<br>- आफ्ना वडामा पाइने मुख्य फलफूलहरु | - हाम्रो नगरपालिकामा उत्पादन हुने तरकारीहरु र तरकारी उत्पादन हुने मुख्य क्षेत्रहरु | - म्याङ्लुङ नगरपालिकामा क्षेत्रमा प्रयोग गरिने कृषि औजारहरु<br>- नगरपालिका भित्र उत्पादन हुने नगदेवाली तथा फलफूलहरु । | - हाम्रो नगरपालिका मा परम्परागत र आधुनिक कृषि औजारको प्रयोगको अवस्था<br>- तरकारी तथा फलफूल खेतीको लागि उपलब्ध प्राविधिक सेवाहरु | - म्याङ्लुङ नगरपालिकाको तरकारी र दुग्ध उत्पादनहुने क्षेत्रहरु ।<br>- तरकारी खेतीमा झेल्नु परेका समस्याहरु र समाधानका उपायहरु | - म्याङ्लुङ नगरपालिका क्षेत्रमा कृषकका विद्यमान समस्याहरु र समाधानका उपायहरु |

म्याङ्लुङ नगरपालिका म्याङ्लुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

[signature] नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| • म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका आर्थिक क्रियाकलापहरु ( कृषि, घरेलु तथा साना उद्योग पशुपालन, व्यपार पर्यटन, होटल व्यवसाय ) | - हाम्रो वरिपरिका रमणीय स्थलहरु<br>- मेरो घरपरिवारका सदस्यहरुले अपनाएका पेशाहरु | - हाम्रो वरिपरिका पर्यटकीय स्थलहरु<br>- हाम्रो समुदायका मानिसहरुले अपनाएका पेशाहरु | - हाम्रो समुदायका पशुपालन र यसका फाइदाहरु | - हाम्रो वडामा व्यवसायिक कृषि | - हाम्रो नगरपालिकामा भएका घरेलु तथा सानाउद्योगहरु र यिनीहरुको महत्व | - हाम्रो नगरपालिकाका मुख्य व्पापारिक बजारहरु र यिनमा हुने व्यापार व्यवसाय। | - हाम्रो पर्यटन र होटल व्यवसाय | - म्याङ्लुङ नगरपालिका भित्रका आर्थिक क्रियाकलाप र थप सम्भावनाहरु |
| • म्याङ्लुङ नगरपालिकाको विकास निर्माण (राजमार्ग, सहायक मार्ग, ग्रामीण सडक, सिंचाई, खानेपानी संचार र विद्युतीकरण) | - मेरो घर, मेरो सडक | - मेरो सडकमा चल्ने यातायातका साधनहरु र प्राप्त फाइदाहरु<br>- मेरो घरका संचारका साधनहरु | - हाम्रो वडामा सडक र यसका फाइदाहरु | - हाम्रो वडामा खानेपानी सुविधा र उपलब्ध स्रोतहरु | - हाम्रो नगरपालिकामा भएको सिंचाइ सुविधा र यसका फाइदाहरु | - हाम्रो नगरपालिका मा विधुतीकरण र यसको उपयोगिताहरु | - हाम्रो नगरपालिकामा पर्ने राष्ट्रिय राजमार्ग<br>- ग्रामिण सडकको अवस्था | - म्याङ्लुङ नगरपालिका मा भौतिक पूर्वाधारका भावि सम्भावनाहरु |
| • स्थानीय सम्पदाहरु – प्रकृतिक, धार्मिक, सांकृतिक ऐतिहासिक- (चाडपर्व, जात्रा, मेला, स्थानीय नाच, स्थानीय बाजा, मठमन्दिर वनजङ्गल, जडिबुट्टी खोलानाला) | - मेरो घरमा वर्ष भरिमा मनाइने चाड पर्वहरु | - आफ्नो वडामा भएका मठ मन्दिर तथा सम्पदाहरुको परिचय,<br>- म्याङ्लुङ न पा भित्र रहेका मठमन्दिरहरु | - जात्रा तथा मेलाहरुको परिचय- (लाखेजात्रा खोरुण्डे मेला, हलीमेला) | - स्थानीय लोक बाजाको परिचय र अवलोकन | - स्थानीय नाचहरु (लाखे नाच, धान नाच, मारुनी नाच, वालननाच, चण्डिनाच, धामीनाच, च्याब्रुङनाच, डम्फूनाच, तामाङ सेलोनाच) को परिचय र अवलोकन | - म्याङ्लुङ नगरपालिका भित्र रहेका मुख्य वन जङ्गलहरु वोटविरुवाहरु, जडिवुटीहरु, खोला नालाहरु। | - ऐतिहासिक स्थलहरुको परिचय तथा अवलोकन (पोतेको ढुङ्गा, खुर्खुट्टे ओडार, गढी यक, दशगते सुरुङ, भिमसेन पाइला | - प्राकृतिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको महत्व र संरक्षणका उपायहरु |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

[signature] … कुमार … नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| • परम्मपरागत प्रविधिहरु (ढिकी, जाँतो, कोल, पानी घट्ट, चँदारो चर्खा, ढाका तान<br>• हाते सीपबाट निर्मित सामग्रीहरु<br>क. वाँसबाट निर्मित<br>ख. धातुबाट निर्मित | - मेरो घरमा भएका परम्परागत हाते सीपबाट निर्मित वेतवास र धातु बाट वनाइएका सामग्रीहरु | -परमपरागत हाते सीपवाट निर्मित सामग्रीको प्रयोगबाट हुने कार्यहरु | -मेरो वडामा प्रयोग हुने परम्परागत प्रविधिमा आधारित उपकरणहरुको नाम र तिनको परिचय | हाम्रो नगरपालिकामा भएका परम्परागत प्रविधिमा आधारित उपकरणहरु र तिनको परिचय | -हाम्रो नगरपालिकामा परम्परागत प्रविधिमा आधारित उपकरणहरुको प्रयोगको अवस्था | - परम्परागत प्रविधिमा आधारित उपकरणहरुको प्रयोगमा देखिएका समस्याहरु | - दैनिक व्यवहारमा परम्परागत प्रविधिमा आधारित उपकरणहरुको आवश्यकता | - स्थानीय हाते सीपबाट निर्मित सामग्रीको उत्पादनमा देखिएका समास्याहरु र समाधानका उपायहरु |
| • स्थानीय संघसंस्थाहरु (विद्यालय गैर सरकारी संस्था, रेडक्रस, स्वास्थ्य संस्था, सहकारी संस्था ) | -म र मेरो विद्यालय | -मेरो वडामा भएका विद्यालयहरुको सामान्य परिचय | - स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाहरु | -हाम्रो नगरपालिकामा नेरसोद्वारा प्रदान गरिने सेवाहरु | - हाम्रो नगरपालिकामा सहकारी संस्था र तिनका कार्यहरु | -हाम्रो नगरपालिकामा रहेका प्रमुख गै.स.स. र तिनका कार्यहरु | -स्थानीय जनताको सशक्तीकरणका लागि स्थानीय संघसंस्थाको भूमिका | - नगरपालिका र स्थानीय संघसंस्था बीचको सम्बन्ध |
| • म्याङ्लुङ नगरपालिकाको समृद्धिको आधार तथा समस्याहरु र समाधानका उपायहरु | - | - | | - हाम्रो वडाका सामाजिक समस्याहरु र समाधानका उपायहरु | -हाम्रो नगरपालिकाका शैक्षिक समस्या तथा समाधानका उपायहरु | म्याङ्लुङ नगरपालिकाको समृद्धिका आधारहरु | -म्याङ्लुङ नगरपालिकाका स्वास्थ्य सम्बन्धी समस्याहरु र समाधानका उपायहरु | -म्याङ्लुङ नगरपालिकका वर्तमान चुनौतिहरु र समाधानका उपायहरु |
| • म्याङ्लुङ नगरपालिकाका विशिष्ट व्यक्तित्वहरु | | | | | | शहिद नेत्र गुरागाई | डा विश्वेश्वरमान श्रेष्ठ | प्रा डा अभि सुवेदी |

म्याङ्लुङ नगरपालिका म्याङ्लुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

[signature]
[illegible] कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

## विषयवस्तु विस्तृतीकरण

### कक्षा:- १

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगर पालिकाको परिचय | - आफू वस्ने ठाउँ र आफ्नो नगरपालिकाको नाम बताउन।<br>- आफ्नो घरमा वोलिने भाषा र विद्यालयमा बोलिने भाषाहरु पहिचान गर्न। | - आफू बस्ने ठाँउको नाम।<br>- आफ्नो नगरपालिकाको नाम।<br>- विद्यालयमा साथीहरुद्वारा वोलिने भाषाहरुः नेपाली, लिम्बू, तामाङ, गुरुङ, शेर्पा, राई तथा अन्य<br>- आफ्नो घरमा बोलिने भाषा। | - विद्यार्थीहरुलाई पालैपालो आफू बसेको ठाउँको नाम र नगरपालिकाको नाम भन्न लगाउने।<br>- विद्यार्थीलाई पालै पालो आफ्नो घरमा बोलिने भाषाहरु बोल्न लगाउने।<br>- विद्यालयमा विद्यार्थीहरु कुन-कुन भाषाहरु वोल्दा रहेछन् पहिचान गर्न लगाउने।<br>- विद्यार्थीहरुलाई एक आपसमा आ-आफ्नो मातृभाषामा कुराकानी गर्न लगाउने | - आफू वसेको ठाउँको नाम र नगरपालिकाको नाम सोध्ने।<br>- आफ्नो घरमा वोलिने भाषा र विद्यालयमा विद्यार्थीहरुले बोल्ने भाषाहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु, प्रयोग हुने कृषि औजारहरु र कृषकका समस्याहरु | - आफ्नो घरमा उत्पादन हुने अन्नबाली र फलफूलहरुको नाम बताउन।<br>- आफ्नो घरमा भएका कृषि औजारहरुको नाम बताउन। | - अन्नबालीहरुः धान, मकै, कोदो, फापर, गहूँ आदि।<br>- फलफूलहरुः सुन्तला, कागती, ज्यामिर, नासपाती, मधु/खुर्पानी, आरु, हलुवावेद, एभोकार्डो, भोगटे, स्याउ, कटहर, आँप, लिचि, किवी, दारिम, अनार, जुनार, सरिफा, सतिबयर फणिर, जामुन आदि<br>- कृषि औजारः हलो, जुवा, कोदालो, कुटो, बन्चरो, गैती, झम्पल, खुर्पा, हसिया, खुकुरी, दाँते, दाँदे तथा हाते ट्याक्टर आदि। | - विद्यार्थीहरुलाई पालैपालो आफ्नो घरमा उत्पादन हुने अन्नबाली र फलफूलको नाम भन्न लगाउने।<br>- आफ्नो घरमा भएका कृषि औजारको पालैपालो भन्न लगाउने। | - आफ्नो घरमा उत्पादन हुने अन्न बाली र फलफूलको नाम सोध्ने।<br>- आफ्नो घरमा भएका कृषि औजारको नाम बताउन लगाउने। |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३



नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | - आफू बसेको ठाउँ वरिपरी भएका रमणीय स्थलहरु पहिचान गरी नाम बताउन।<br>- आफ्नो घर परिवारका सदस्यहरुले अपनाएका पेशाहरुको नाम बताउन। | - आफू बसेको ठाउँ वरिपरी भएका रमणीय स्थलहरु<br>- आफ्नो घर परिवारका सदस्यहरुले अपनाएका पेशाहरु<br>(कृषी, व्यापार, उद्योग, पर्यटन, पशुपालन, होटल व्यवसाय, नोकरी आदि)। | - विद्यार्थीहरुलाई आफु बसेको ठाउँ वरपरको भ्रमण गराई रमणिय स्थलहरु पहिचान गराउने।<br>- विद्यार्थीलाई पालै पालो आफ्नो घरका सदस्यले अपनाएका पेशाहरु बताउन लगाउने। | - आफ्नो वरपर भएका रमणीय स्थानहरुको नाम बताउन लगाउने<br>- परिवारका सदस्यहरु को- को कुन-कुन पेशामा संलग्न छन् ? सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको विकास निर्माण | - आफ्नो घर नजिकको सडकको अवस्था बताउन। | - आफ्नो घर नजिकको सडकको नाम, र सडकको अवस्थाः<br>- कच्ची, पक्की, सोलिङ, ग्राभेलिङ्ग भए नभएको, नालि काटिएको नकाटिएको/ बाह्रै महिना गाडि चल्न सक्ने/ नसक्ने | - घर नजिकको सडकको अवलोकन गराइ अवस्था पहिचान गराउने। | - विषयवस्तुसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | - आफ्नो घरपरिवारमा बर्षभरि मनाइने चाडपर्वहरुको नाम बताउन। | - चाड पर्वहरुः<br>दशै, तिहार, तमु ल्होसार, ग्याल्बो ल्होसार, माघी संक्रान्ती, फागु पूर्णिमा, चैते दशै, साउने सक्रान्ति, जनै पूर्णिमा, छठ, कृष्ण जन्माष्टमी, गाईजात्रा, उद्यौली उभौली पर्वहरु आदि। | - विद्यार्थीहरुलाई पालै पालो आफ्नो घरमा वर्ष भरि दिनभरि मनाउने चाडपर्वहरुको नाम भन्न लगाउने।<br>- प्रमुख चाडपर्वहरु के कसरी मनाउने गरीन्छ? विद्यार्थीसँग छलफल गर्ने। | - विषयवस्तु सम्बन्धीत उत्तरात्मक सोध्ने। |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - आफ्नो घरमा भएका परम्परागत हाते सीपवाट निर्मित वस्तुको नाम बताउन । | - परम्परागत हाते सीपवाट निर्मित वस्तुहरु: जस्तै वेतवासबाट वनेका: डोका, डाला थुन्से, मान्द्रो, भकारी, चित्रा, भुने, नाङ्लो, डालो, चाल्नो आदि<br>- धातुवाट निर्मित वस्तुहरु : जस्तै हसिया, खुकुरी, खुर्पा, दाउ, कर्द, चक्कु, वन्चरो, छिनो, फाली, करुवा, बसिला, छिनो, रावो, इयाप्पल, हाते आरी आदि। | - परम्परागत हाते सीपवाट निर्मित वस्तुहरु अवलोकन गराउने र नाम वताउने ।<br>- प्रदर्शन गरीएका वस्तुहरु मध्ये वाँस/वेतवाँसवाट निर्मित र धातुवाट निर्मित गरी अलग अलग चिनाउने। | - प्रत्यक्ष वस्तु देखाएर तथा चित्रद्धारा छुट्टा छुट्टै वस्तु देखाएर पहिचान गर्न लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | - आफ्नो विद्यालयको सामान्य परिचय बताउन। | - विद्यालयको नाम, ठेगाना, कक्षा / तह सञ्चालन, शिक्षक/ विद्यार्थी संख्या फर्निचर, कम्प्युटर फोटोकपी मेसिन, दराज, टेवल, घेराबार, शौचालय, पुस्तकालय, खेल मैदान आदिको अवस्था। | - छलफलद्वारा विद्यालयको सामान्य परिचय प्रस्तुत गर्ने।<br>- विद्यालयमा उपलब्ध भौतिक साधन तथा सुविधारहरु अवलोकन गराउने। | - विद्यालयको परिचयमा आधारित हुने गरी छोटो प्रश्नहरु सोध्ने।<br>- विद्यालयमा भएका भौतिक साधन तथा सुविधाहरु अवलोकन गराउदै प्रश्नहरु सोध्ने। |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

# विषयवस्तु विस्तृतीकरण

## कक्षाः- २

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको परिचय | - आफ्नो नगरपालिकामा भएका वडा संख्या बताउन र वडाको सामान्य परिचय दिन।<br>- आफ्नो वडामा वोलिने भाषाहरु र वसोवास गर्ने जातजातिहरुको पहिचान गर्न। | - नगरपालिकामा रहेका वडा संख्या, आफू बसेको वडा नं, वडा कार्यालय रहेको स्थान र वडाको चार सिमाना, निर्वाचित वडासमितिको नाम<br>- वडा भित्र बसोवास गर्ने जातजातिहरुः लिम्बू ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, गुरुङ, शेर्पा, दलित, राई अन्य।<br>- वडाभित्र वोलिचालीमा रहेका भाषाहरुः नेपाली लिम्वू, तामाङ, राई, तामाङ, गुरुङ, शेर्पा, नेवार अन्य। | - नगरपालिका वडा संख्या, आफ्नो वडाको परिचय चार सिमाना , वडा कार्यालय रहेको स्थान तथा निर्वाचित वडा समितिका प्रतिनिधिहरुको परिचयका वारेमा प्रश्नोत्तोर तथा छलफल विधि अपनाउने।<br>- वडा भित्र वसोवास गर्ने जातजातिको पहिचान तथा वोलिने भाषाको पहिचान गर्न छलफल विधि अपनाउने। | - विषयवस्तु सम्वन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने<br>- वडा भित्र वसोवास गर्ने जातजाति र बोलिने भाषाहरुको सूची तयार गर्न लगाउने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङकन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु, प्रयोग हुने कृषि औजार र कृषकका समस्याहरु | - आफ्नो खेतवारी तथा घर वरपर उत्पादन हुने दलहन तथा तेलहन जन्य वस्तुहरु पहिचान गर्न।<br>- आफ्नो खेतवारीमा उत्पादन हुने अन्न बालीहरु र फलफूल लगाउने फल्ने/ पाक्ने समय बताउन। | - दलहन जन्य वस्तुहरुः दाल, केराउ, सिमी, मुसुरो, चना, गहत, मटर<br>- तेलहनजन्य अन्य वस्तुहरुः तोरी, सरस्र्यु, फिलुङ्गे, रायो अन्य।<br>- आफ्नो घरमा उत्पादित अन्नवाली र फलफूल लगाउने/फूल्ने समय जस्तैः धान, मकै, कोदो, फापर, सुन्तला, कागती, नासपाती, कटहर, लीचि, ज्यामिर, आँप, जुनार, स्याउ, दारिम, होक्से, निबुवा, अम्बा, आल्चा आदि। | - परियोजना कार्यद्वारा आफ्नो घरमा उत्पादन हुने दलहन तथा तेलहनजन्य वस्तुहरु पहिचान गरी नाम बताउन लगाउने।<br>- छलफल तथा प्रश्नोत्तर विधि र परियोजनाविधि प्रयोग गरी आफ्नो घरमा उत्पादन हुने, फलफूल तथा अन्नबाली लगाउने फुल्ने ,फल्ने र पाक्ने समय बताउन लगाउने। | - आफ्नो घरमा उत्पादन हुने दलहन र तेलहन जन्य वस्तुको सूची तयार गर्न लगाउने।<br>- विषबस्तु सम्बन्धी छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

म्याङ्लुङ नगरपालिका, म्याङ्लुङ तेह्रथुम, १ नं. प्रदेश नेपाल, स्था : २०७३

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | - आफ्नो वरिपरि भएका पर्यटकीय स्थलहरु पहिचान गर्न।<br>- आफ्नो समुदायका मानिसहरुले अपनाएका पेशाहरु बताउन । | - आफ्नो वरिपरि भएका पर्यटकीय स्थलहरुः आलेटार, लाफेटार, हरिसे डाँडा, लालीगुराँस क्षेत्र , गढियक आदि।<br>- आफ्नो समुदायमा वसोवास गरेका मानिसहरुले अपनाएका पेशाहरुः कृषि (तरकारी फलफूल, खाद्यान्न, दुग्ध व्यवसाय, नगदेवाली)<br>- साना तथा घरेलु उद्योग (ढाका कपडा, चिया, स-मिल, फर्निचर उद्योग,दुग्ध व्यवसाय।)<br>- फलामे हतियार, माटोका भाँडाकुँडा निर्माण<br>- पशुपालन- बाख्रा / कुखुरा पालन भेडा, गाई, भैसी, बँगुर,<br>- पर्यटन होटलः व्यवसाय साना होटल देखि ठूला<br>- रोजगारीः वैदेशिक, सरकारी /गैर सरकारी/ निजी। | - आफ्नो वरिपरि अवलोकन भ्रमण गराई पर्यटकीय क्षेत्रहरु पहिचान गराउने।<br>- शिक्षक, विद्यार्थीले छलफलद्वारा आफ्नो समुदायमा वसोवास गर्ने मानिसहरु कुन-कुन पेशामा आबद्ध छन् ? पहिचान गराउने। | - आफ्नो वरिपरि रहेका पर्यटकीय स्थलहरुको सूची तयार गर्न लगाउने।<br>- आफ्नो समुदायमा बसोबास गर्ने मानिसहरुले अपनाएका पेशाहरु को सूची तयार गर्न लगाउने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको विकास निर्माण | - आफ्नो घर नजिकको सडकमा चल्ने यातायतको साधनहरु पहिचान गरी नाम बताउन ।<br>- यातायातको साधनबाट प्राप्त हुने सुविधा बताउन, आफ्नो घरमा भएका सञ्चारका साधानहरुको नाम भन्न। | - सडकमा चल्ने यातायातका साधानहरुः मोटरसाइकल, टेम्पो, ट्याक्टर, बस, ट्रिपर, ट्रक, बारुणयन्त्र, एम्बुलेन्स, ट्याक्सी, जीप, आदि<br>- यातायातका साधनबाट प्राप्त हुने सुविधाहरुः आवतजावत गर्न, सामान ढुवानी, विरामी बोक्न, स्थानीय सामान निर्यात गर्न, आग्लागी नियन्त्रण गर्न, आदि<br>- घरमा प्रयोग हुने संचारका साधनहरुः टिभी, रेडियो, इन्टरनेट, टेलिफोन, मोबाइल, फ्याक्स, चिठी पत्र आदि। | - आफ्नो नजिकको सडकमा चल्ने यातायातका साधनहरु अवलोकन गर्न लगाउने।<br>- यातायातको साधनद्वारा के के काम भएका छन् विद्यार्थीसँग छलफल गर्ने।<br>- आफ्नो घरमा भएका संचारका साधनहरु बताउन लगाउने। | - विषयवस्तुसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

राजकुमार तुम्बाहाङ्फे नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मीक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | - म्याङ्लुङ नगरपालिका भित्र रहेका मठ मन्दिरहरुको नाम बताउन।<br>- आफ्नो वडा भित्र रहेका मठमन्दिरहरुको सामान्य परिचय दिन। | - म्याङ्लुङ नगरपालिकामा रहेका मन्दिरहरुको नाम।<br>• मेयङ्लुङ देवी (सिंहवाहिनी भगवती), सीमिनाक्सी पाथिभरा मन्दिर, शिवालय मन्दिर जिरिखिम्ती, पिप्ले पाथीभरा, राधाकृष्ण शिवालय पिप्ले, सिद्धदेवी पिप्ले, जालपादेवी पिप्ले, जालपा मन्दिर केउरानी, दुर्गा मन्दिर पिलिङडाँडा, शिवमन्दिर म्याङ्लुङ, चर्च, गुम्बाहरु आदि<br>- आफ्नो वडाभित्र रहेका मठमन्दिरहरुको सामान्य परिचय | - विद्यार्थीसँग छलफल गरी नगरपालिका क्षेत्र भित्रका मन्दिरहरु पहिचान गरी वडागत रुपमा नाम सूचीकरण गर्ने।<br>- आफ्नो वडामा रहेका मन्दिरहरुको स्थलगत अध्ययन भ्रमण गराई परिचित गराउने। | - वडागत रुपमा मन्दिरहरुको नाम सूचीकरण गर्न लगाउने।<br>- आफ्नो वडामा भएका मन्दिरहरुको सामान्य परिचय सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - बेतबास र धातुबाट बनेका हाते सीपबाट निर्मित सामग्रीको प्रयोग बाट हुने कार्यहरु बताउन। | - वेतबासबाट बनेका निम्न सामग्रीको प्रयोगबाट हुने कार्यहरु<br>• चोया, डोका, डाला, नाङ्लो, थुन्से, नाम्लो, दाम्लो, चित्रा, भकारी, घुम, भुने, कोक्रो, मान्द्रो आदि<br>- धातुबाट बनेका निम्न सामग्रीको प्रयोगबाट हुने कामहरुः<br>• खुर्पा, खुकुरी, दाउ, कर्द, बन्चरो, छिनो, फाली, करुवा आदि। | - बेतबाँसबाट र धातुबाट निर्मित विभिन्न सामग्रीको प्रयोगबाट गरिने कार्यहरु अवलोकन गराउने र छलफल गर्ने । | - बेतबास र धातुबाट निर्मित विभिन्न सामग्रीहरु के के कामका लागि प्रयोग गरीन्छ? सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | - आफ्नो वडामा भएका विद्यालयहरुको नाम बताउन र तिनको सामान्य परिचय दिन। | - आफ्नो वडामा भएका विद्यालयको नामः<br>- आफ्नो वडामा भएका विद्यालयको परिचयः नाम, ठेगाना र सञ्चालित कक्षा | - आफ्नो वडामा रहेको विद्यालयहरुको स्थलगत भ्रमण गराई परिचय गराउने | - विद्यालयसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७२

राजेन्द्र कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

# विषयवस्तु विस्तृतीकरण

## कक्षाः- ३

| . | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | म्याङ्लुङ नगरपालिकाको परिचय | - आफ्नो नगरपालिकाको भौगोलिक स्वरुप र हावापानी पहिचान गर्न ।<br>- आफ्नो नगरपालिकामा अपनाएका/मानिएका प्रमुख धर्महरु बताउन । | - नगरपालिकाको भौगोलिक स्वरुपः लेक, औलो, भीर, पाखा पखेरा,<br>- हावापानीको अवस्था ।<br>- नगरपालिकामा क्षेत्रमा मानिने प्रचलित धर्महरु हिन्दू, बौद्ध, किराँत, क्रिष्चियन, मुस्लिम अन्य । | - नक्सामा आधारित भई भौगोलिक स्वरुप तथा हावापानी बारे प्रष्ट पारिदिने ।<br>- नगरपालिका क्षेत्र भित्र वसोबास गर्ने मानिसहरुले मान्दै आएका विभिन्न धर्म सम्बन्धी छलफल गर्ने । | - म्याङ्लुङ नगरपालिकाको भौगोलिक स्वरुप र हावापानी बताउन लगाउने ।<br>- नगरपालिकामा वसोवास गर्ने मानिसहरुले मान्ने धर्मको सूची वनाउन लगाउने । |

| . | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु,प्रयोग हुने कृषि औजार र कृषकका समस्याहरु | - आफ्नो वडा भित्र उत्पादन हुने मुख्य नगदे बालीहरु पहिचान गर्न ।<br>- आफ्नो वडा क्षेत्रभित्र पाइने प्रमुख फलफूलहरुको नाम बताउन । | - नगदे वाली को अर्थ<br>- वडा क्षेत्र भित्र मुख्यरुपमा उत्पादन हुने नगदे वालीहरु : अलैची, अम्लिसो, एभोकार्डो, अदुवा, रुद्राक्ष, अन्य ।<br>- वडा भित्र पाइने प्रमुख फलफूलहरुः सुन्तला, आँप, कटहर, लिची, एभोकार्डो, नासपाती, कागती, अंगुर, केरा, होक्से, किवी,ज्यामिर आदि । | - आफ्नो वडा क्षेत्र भित्र उत्पादन हुने नगदेवालीहरु के-के छन् ? विद्यार्थीलाई पालै पालो सोध्ने ।<br>- नगदेवाली को अर्थ स्पष्ट पारिदिने । विद्यार्थीसँग थप छलफल गरी वडामा उत्पादन हुने नगदेवालीहरु पहिचान गर्न लागउने ।<br>- आफ्नो छरछिमेक तथा वडा क्षेत्र भित्र के-के फलफूलहरु देखेका छौ ? भनी विद्यार्थीलाई सोध्ने ।<br>- विद्यार्थीले भन्न छूटाएका फलफूलका नामहरु शिक्षकले थप्ने । | - नगदे वालीको अर्थ भन्न लगाउने ।<br>- आफ्नो वडामा हुने नगदेवालीहरुको नाम भन्न लागाउने ।<br>- आफ्नो वडामा हुने प्रमुख फलफूलको नाम बताउन लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | - आफ्नो समुदायमा भएको वडा क्षेत्र भित्र पशुपालनको अवस्था र फाइदाहरु बचाउन। | - आफ्नो समुदायका मानिसहरुले पाल्ने गरेका पशु पंछीहरु बाख्रा, कुखुरा, हास, गाई, भैंसी, गोरु, सुँगुर, बँगुर, भेडा, खरायो आदि<br>- मानिसले पशुपालनबाट प्राप्त गर्ने फाइदाहरु<br>- दूध मासुको प्राप्ति, वेचविखनबाट आम्दानी, कम्पोष्ट मल, श्रमशक्तिको सदुपयोग, उत्पादनमा बृद्धि आदि | - आफू र आफ्नो समुदायमा गरिएका पशुपालनहरु के-के छन्?<br>- विद्यार्थीहरुलाई पशुपालन व्यवसायको अबलोकन भ्रमण गराउने<br>- फाइदाहरुका बारेमा छलफल गर्ने। | - विषयवस्तुसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको विकास निर्माण | - आफ्नो वडामा भएको सडक सञ्जाल पहिचान गर्न।<br>- आफ्नो वडाको सडकको अवस्था भन्न।<br>- सडक सुविधाका फाइदाहरु बताउन। | - आफ्नो वडामा विस्तार भएको सडकले समेटेको क्षेत्र।<br>- वडामा निर्माण भएको सडकको अवस्था। पक्की,कच्ची, सोलिङ्ग/ ग्राभेलिङ, नाली, बर्षभरि सवारी साधन चल्न सक्ने/नसक्ने के कस्ता साधनहरु चल्न सक्ने अवस्थामा।<br>- सडक सुविधाले प्राप्त भएका फाइदाहरु।<br>- आवतजावत, सामान ढुवानी, कृषि वस्तु निकासी, बजार सम्मको पहुँच, दमकल सुविधा, एम्बुलेन्स सेवा। | - आफ्नो वडामा विस्तार भएको सडक संजालको अवलोकन भ्रमण गराई सडक क्षेत्र र सडकको अवस्था पहिचान गराउने।<br>- सडक सुविधाबाट प्राप्त फाइदाहरु सम्बन्धमा विद्यार्थीसँग छलफल गर्ने। | - विषयवस्तुसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मीक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | - स्थानीय जात्रा मेलाहरुको परिचय दिन। | - लाखे जात्र, खोरुन्डे मेला र हलीमेलाको परिचय<br>- जात्रा तथा मेला लाग्ने ठाउँ, समय, पर्व/अवधि, हुने क्रियाकलापहरु। | - सम्भव भए सम्म लाखे जात्रा, खोरुण्डे मेला र हलीमेलाको अवलोकन गराउने।<br>- प्रत्यक्ष अवलोकन गराउन नसके छलफलद्वारा परिचय प्रष्ट पार्ने। | - छोटो उत्तरात्मक प्रश्न सोध्ने। |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

संजय कुमार तुम्वाहाम्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - आफ्नो वडामा प्रचलित परम्परागत प्रविधिमा आधारित उपकरणहरुको नाम र तिनको परिचय बताउन। | - आफ्नो वडामा भएका परम्परागत प्रविधिमा आधारित उपकरणहरुको वनोट र कार्य प्रणाली सहितको परिचय । ढिकी, जाँतो, हलो जुवा, कोल, चर्खा, पानी घट्ट, मदानी, ढाका तान, चँदारा, घट्ट, आरन, लुगा सिउने हातेकल आदि। | - परम्परागत प्रविधिमा आधारित उपकरणको प्रत्यक्ष अवलोकन गराई तिनको बनोट तथा कार्य प्रणालीसँग परिचित गराउने । प्रत्यक्ष अवलोकन संभव नभए चित्रद्वारा प्रष्ट पार्ने। | - आफ्नो वडामा भएका परम्परागत प्रविधिमा आधारित उपकरणहरुको सूची बनाउन लगाउने।<br>- परम्परागत प्रविधिमा आधारित विभिन्न उपकरणको बनोट र कार्य प्रणाली बारे सरल प्रश्न सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | स्थानीय स्वास्थ्य संस्थाहरुके अवस्थिति र प्रदान गरिने सेवाहरु पहिचान गर्न । | - स्थानीय स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरुः विरामी जाँच, औषधि वितरण, खोप/ सुईको सेवा, इमरजेन्सी सेवा, एम्बुलेन्स सेवा, रोग पहिचानका लागि प्रयोगशाला सेवा, अन्य। | - स्थानीय स्वास्थ्य संस्थाहरे प्रदान गर्ने सेवाका सम्बन्धमा जानकारी लिन समबन्धित स्वास्थय संस्थाको अध्ययन भ्रमण गराई छलफल गर्ने। | - नजिकमा रहेका स्वास्थ्य संस्थाको नाम सोध्ने।<br>- स्वस्थ्य संस्थाले प्रदान गर्ने सेवाहरु सम्बन्धी छोटा प्रश्नहरु सोध्ने। |

म्याउलुङ नगरपालिका
म्याउलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

# विषयवस्तु विस्तृतीकरण

## कक्षाः- ४

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगर पालिकाको परिचय | - आफ्नो वडाको वडा समितिको गठन प्रकृया बताउन<br>- आफ्नो नगरपालिकाको प्रमुख र उपप्रमुखको नाम बताउन<br>- नगरकार्यपालिकाको संख्या बताउन। | - आफ्नो वडा समितिका निर्वाचित जनप्रतिनीधिको नाम, संख्या र निर्वाचित हुने व्यवस्था<br>- आफ्नो नगरपालिका प्रमुख र उपप्रमुखको नाम<br>- नगरकार्यपालिकाको संख्या। | - प्रश्नोत्तर तथा छलफल विधिको प्रयोग गर्ने। | - वडा समितिको गठन प्रक्रिया<br>- नगरपालिकाका प्रमुख र उपप्रमुखको नाम सोध्ने।<br>- नगर कार्यपालिकामा रहने पदाधिकारी संख्या सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु, प्रयोग हुने कृषि औजार र कृषकका समस्याहरु | - आफ्नो नगरपालिका क्षेत्र भित्र उत्पादन हुने मुख्य तरकारीहरुको नाम बताउन।<br>- तरकारी उत्पादन हुने मुख्य क्षेत्रहरु पहिचान गर्न। | - म्याङ्लुङ नगरपालिका क्षेत्र भित्र उत्पादन हुने मुख्य तरकारी हरुः आलु ,फूलकोपी, बन्दाकोपी, गोलभेडा, मुला, साग, स्कुस, तरुल, फर्सी, सिमी, अन्य।<br>- तरकारी उत्पादन हुने नगरपालिकाको प्रमुख क्षेत्रहरुः पिप्ले, (डाडा खर्क) जिरीखिम्ति, (मेक्चना), हरिसे, नागदह, तीनखोप्रे, चैते, सुर्के र पिलिङडाँडा, खाल्डे आदि। | - विद्यार्थीहरुलाई आफ्नो वरिपरि उत्पादन हुने तरकारी बालीहरु के के छन् सोध्ने।<br>- नगरपालिका क्षेत्र भित्र उत्पादन हुने तरकारी के के हुन् ? भन्ने बारेमा विद्यार्थीसँग छलफल गर्ने।<br>- नगरपालिका भित्र तरकारी उत्पादन हुने क्षेत्रहरु वारे छलफल गर्ने।<br>- सम्भव भएसम्म नजिकै पर्ने तरकारी उत्पादन क्षेत्रको अध्ययन भ्रमण गराउने। | - म्याङ्लुङ नगरपालिका क्षेत्रमा उत्पादन हुने मुख्य तरकारीहरुको सूची बनाउन लगाउने ।<br>- नगर क्षेत्र भित्र तरकारी उत्पादन हुने क्षेत्रहरु बताउन लगाउने। |

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङकन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | आफ्नो वडाको ब्यवसायिक कृषि पहिचान गर्न । | - आफ्नो वडामा रहेका व्यवसायिक कृषि तरकारी, अन्नबाली र नगदेबाली | - आफ्नो वडामा रहेका व्यवसायिक कृषि कार्यकोहरुको अवलोकन भ्रमण गराउने । | - विषयवस्तुसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङकन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको विकास निर्माण | - आफ्नो वडामा प्राप्त खानेपानी सुविधाको अवस्था बताउन ।<br>- आफ्नो वडाका खानेपानीका प्राकृतिक स्रोतहरु पहिचान गर्ने | - वडामा प्राप्त खानेपानी सुविधा र यसको उपलब्धता को लागि भएको व्यवस्था ।<br>- सम्पूर्ण वस्तीमा खानेपानी पुग्न सकेको/नसकेको । ट्याङ्की व्यवस्थापनको अवस्था, आपूर्ति पाइप लाइन वितरणको अवस्था, सम्पूर्ण घर धुरीमा उपलब्ध भए नभएको, मर्मत सम्भारको व्यवस्था, उपभोक्ता समितिका व्यवस्थापन । स्रोतको दूरी, शुल्क सम्बन्धी व्यवस्था ।<br>- आफ्नो वडामा भएका खानेपानीका प्राकृतिक तथा ऐतिहासिक स्रोतहरुः कुवा, धाराको पहिचान गर्ने । | - प्रत्येक विद्यार्थीलाई आफ्नो घर, समुदाय तथा वडा क्षेत्रमा खानेपानीको उपलब्धता, वितरण प्रणाली, पानी आपूर्ति, जस्ता विषयमा प्रश्न गर्दै छलफल गर्ने ।<br>- सम्भव भएसम्म वडाको सवै क्षेत्रको भ्रमण गराई खानेपानीको उपलब्धता, यसको व्यवस्थापन तथा वितरण प्रणालीको अध्ययन गराउने ।<br>- आफ्नो वडामा रहेका परम्परागत रुपमा उपयोग गरी आएका पानीका स्रोतहरुः धारा, कुवा, आदिको अवलोकन गराउने र समय समयमा सरसफाइ गर्न लगाउने । | - अवलोकन भ्रमण गराई प्रश्नहरु सोध्ने । |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मीक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | - स्थानीय बाजा पहिचान गरी परिचय प्रस्तुत गर्न। | - स्थानीय वाजाहरुको अवलोकन र पहिचान<br>- पञ्चे बाजा, नौमति बाजा, धिमे बाजा आदि (नरसिंहा, सनाई, दमाहा, झ्याम्टा, ट्याम्को ढोलक, चाँप, डम्फू, खैँजडी, मादल, च्याब्रुङ, मुरली, बाँसुरी, मुर्चुङ्गा आदि।) | - स्थानीय बाजाका नाम र तिनको सामान्य परिचय दिने।<br>- सम्भव भए सम्म स्थानीय बाजाहरु अवलोकत गराउने।<br>- स्थानीय बाजाका धुनहरु सुनाउने।<br>- स्थानीय बाजाहरु बजाउन लगाउने। | - स्थानीय बाजा देखाउँदै पहिचान गर्न लगाउने।<br>- विभिन्न बाजा बाट निस्केका धुनहरु सुनाएर वाजा पहिचान गर्न लगाउने।<br>- स्थानीय बाजाहरुको नाम सूचीकरण गर्न लगाउने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - म्याङ्लुङ नगरपालिका क्षेत्रभित्र प्रचलित परम्परागत प्रविधिमा आधारित उपकरणहरुको नाम र तिनको परिचय बताउन। | - आफ्नो नगरपालिकामा भएका परम्परागत प्रविधिमा आधारित उपकरणहरुको वनोट र कार्यप्रणाली सहितको परिचय । ढिकि, जातो, हलो जुवा, कोल, चर्खा, पानी घट्ट, मदानी, डुँगा, अलैची भट्टी, ढाका तान, चँदारा घट्ट, आरन आदि। | - परम्परागत प्रविधिमा आधारित उपकरणको पत्यक्ष अवलोकन गराई तिनको बनोट तथा कार्य प्रणालीसँग परिचित गराउने।<br>- प्रत्यक्ष अवलोकन संभव नभए चित्रद्वारा बनोट र कार्यप्रणाली प्रस्ट्याउने। | - नगरपालिका भित्र रहेका परम्परागत प्रविधिमा आधारित उपकरणहरुको सूची तयार गर्न लागाउने।<br>- उपकरणको बनोट र कार्यप्रणाली सम्बन्धी प्रश्नहरु सोध्ने।<br>- चित्र तथा वास्तविक वस्तु देखाई पहिचान गर्न लागाउने।<br>- परम्परागत प्रविधिका सामग्रीहरुको चित्र वनाउन लगाउने। |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | - नेपाल रेडक्रस सोसाइटीको सामान्य परिचय दिन ।<br>- नगरपालिका क्षेत्रभित्र नेपाल रेडक्रस सोसाइटी ले प्रदान गरेका सेवाहरु बताउन । | - नेपाल रेडक्रस सोसाइटीको सामान्य परिचय दिने ।<br>- संस्थापक, नेपाल रेडक्रस सोसाइटीको स्थापना,नगरपालिका भित्र नेपाल रेडक्रसका,उपशाखाहरु नगरपालिका भित्र नेपाल रेडक्रस सोसाइटीद्वारा प्रदान गरेका सेवाहरु,<br>- विभिन्न प्रकोप र दुर्घटना पीडितहरुलाई राहत तथा उद्धार, विपत व्यवस्थापन, स्वास्थ्यशिविर सञ्चालन, विभिन्न परियोजनाहरु संञ्चालन, आँखा उपचार सेवा, विभिन्न तालिम संचालन, रक्तदान कार्यक्रम, एम्बुलेन्स सेवा आदि । | - छलफछद्वारा नेपाल रेडक्रस सोसाइटीको सामान्य परिचय दिने ।<br>- नगर क्षेत्रमा रेडक्रसले सञ्चालन गरेको विभिन्न सेवाहरु रेडक्रस ब्रोसर तथा पुस्तिका मार्फत गराउने ।<br>- रेडक्रसले गर्ने कार्यहरुमाथि छलफल गर्ने । | - रेडक्रसको परिचय बताउन लगाउने ।<br>- रेडक्रसले प्रदान गर्ने सेवाहरुको सूची तयार गर्न लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको समृद्धिको आधारहरु तथा समस्या र समाधानका उपायहरु | - आफ्नो वडामा भएका सामाजिक समस्याहरु र तिनका कारणहरु पहिचान गर्न । | - आफ्नो वडामा भएका सामाजिक समस्याहरुः जातीय विभेद, लैंगिक विभेद, छुवाछुत, बाल विवाह, बहुविवाह, बसाइँ सराइ, सम्बन्ध विच्छेद झै-झगडा, चेलीवेटी वेचविखन , दुर्व्यशन, जुवा तास बालश्रम शोषण आदि ।<br>- वडामा देखिएका समाजिक समस्या उत्पन्न हुने कारणहरु<br>- गरीबी, अन्धविश्वास, चेतनाको कमी, साथीसँगको संगतको प्रभाव, देखासेखी र पारिवारिक नकारात्मक सम्बन्ध आदि । | - सामाजिक समस्याको अर्थ बताउने ।<br>- आफ्नो वडामा भएका समाजिक समस्याहरु के के छन् ? भन्न लगाई विद्यार्थीसँग छलफल गर्ने र टिपोट गर्ने ।<br>- सामाजिक समस्याहरु उत्पन्न हुने के कस्ता कारणहरु छन् भन्ने बारेमा विद्यार्थीसँग छलफल गरी कारणहरु पहिचान गर्ने । | - समाजिक समस्याको अर्थ भन्न लगाउने<br>- आफ्नो वडामा भएको सामाजिक समस्याहरुको सूची तयार गर्न लगाउने ।<br>- सामाजिक समस्याहरु उत्पन्न हुने कारणहरु उल्लेख गर्न लगाउने । |

नगर प्रमुख

# विषयवस्तु विस्तृतीकरण

## कक्षा:- ५

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको परिचय | - म्याङ्लुङ नगरपालिकाको भौगोलिक अवस्थिति बताउन।<br>- आफ्नो नगरपालिका भित्रको जात जातिगत जनसंख्या विवरण बताउन। | - म्याङ्लुङ नगरपालिकाको भौगोलिक अवस्थिति समग्र जिल्लाको करिव मध्य भाग, औलोदेखि लेकसम्मको स्वरुप भिरालोपन<br>- अक्षांश र देशान्तर, चार सिमाना क्षेत्रफल<br>- नगरपालिका भित्रको जनसंख्या विवरण।<br>- व्राम्हण, क्षेत्री, तामाङ, लिम्बू, राई, मगर, दलित, गुरुङ, शेर्पा, नेवार। | - नक्साको प्रदर्शनद्वारा नगरपालिकाको भौगोलिक अवस्था प्रस्ट पार्ने।<br>- खास-खास स्थानबाट नगरपालिकाको विभिन्न ठाँउहरु अवलोकन गराउने।<br>- सम्बन्धित निकायबाट नगरपालिकाको जनसंख्या विवरण लिई जातिगत रुपमा स्तम्भचित्रबाट जनसंख्या विवरण स्पस्ट पार्ने।<br>- जातिगत रुपमा घट्दो क्रममा जनसंख्या विवरण तालिकाद्वारा प्रस्तुत गर्ने। | - खास-खास स्थानबाट नगरपालिकाको विभिन्न ठाउँहरु देखाई पहिचान गर्न लगाउने।<br>- नगरपालिकाको जातिगत जनसंख्या विवरण स्तम्भ चित्र बाट देखाउन लगाउने<br>- जातिगत जनसंख्या विवरण तालिका वनाई प्रस्तुत गर्न लगाउने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु,प्रयोग हुने कृषि औजार र कृषकका समस्याहरु | - नगरपालिका भित्र कृषि कार्यको लागि प्रयोग गरिने औजारहरु पहिचान गर्न।<br>- नगरपालिका क्षेत्रमा उत्पादन हुने मुख्य नगदेबालीहरु र फलफूलहरुको नाम बताउन। | - नगरपालिका क्षेत्र भित्र कृषि कार्यकालागि प्रयोग गरिने सामग्रीहरुको नाम<br>- हलो, जुवा, कोदालो, हँसिया, खुकुरी, कुटो आदि<br>- नगरपालिकामा उत्पादन हुने मुख्य नगदेवालीहरु- अम्लिसो, अलैंची, अदुवा, रुद्राक्ष, अन्य।<br>- फलफूलहरुकोनामः आँप, सुन्तला, कटहर, नासपाति, स्याउ, जुनार आदि | - विद्यार्थीहरुलाई नगरपालिका भित्र कृषि कार्यको लागि प्रयोग गरिने सामग्रीहरुको नाम पालैपालो सोध्ने।<br>- विद्यार्थीले नबताएका सामग्रीहरुको नाम शिक्षकले प्रस्तुत गर्ने।<br>- सामग्रीहरुको अवलोकन गराउने<br>- नगरपालिकामा क्षेत्रमा उत्पादन हुने फलफूल तथा नगदेवालीहरुको नाम विद्यार्थीलाई सोध्ने । विद्यार्थीले बताउन नसकेका नामहरु शिक्षकले बाताउने । सकेसम्म तिनीहरु अवलोकन गराउने । तिनीहरु मध्ये खास खास स्थानमा उत्पादन हुने फलफूल तथा नगदेवालीको नाम सोध्ने। | - विषयवस्तु सम्बन्धी छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

म्याङ्लुङ नगरपालिका
म्याङ्लुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | - नगरपालिका क्षेत्र भित्रमा भएका घरेलु तथा साना उद्योगहरु पहिचान गर्न र तिनीहरुको महत्व बताउन । | - नगरपालिका भित्र भएका घरेलु तथा साना उद्योगहरुः<br>दुग्ध उद्योग, ढाका कपडा, साना तथा ठूला मिलहरु, माटाका भाँडा , ब्रेकरी, दालमोठ, भुजिया उद्योग, स-मिल, फर्निचर उद्योग आदि<br>- घरेलु तथा साना उद्योगको महत्वः<br>रोजगारी सिर्जना स्रोत, साधनको उपयोग , आर्थिक लाभ<br>जनतालाई सुविधा आदि । | - सकेसम्म नगरपालिका भित्र भएका घरेलु उद्योगहरुको अवलोकन अध्ययन भ्रमण गराउने ।<br>- सम्बन्धित उद्योगहरुको उत्पादन अवस्था, कच्चा पदार्थ, कार्यप्रकृति, उत्पादित वस्तुहरु प्राविधिक पक्ष आदि प्रष्ट पार्ने ।<br>- घरेलु तथा साना उद्योगबाट विभिन्न क्षेत्र र पक्षमा पुगेका फाइदाहरु महत्वको रुपमा व्याख्या विश्लेषण गरिदिने ।<br>- स्रोतसाधनको उपयोग, रोजगारीको उपलब्धता आर्थिक आयआर्जन तथा<br>- नगरवासीलाई सुविधा आदि | - नगरपालिका मा भएका घरेलु तथा साना उद्योगको सूची बनाउन लगाउने ।<br>- विभिन्न उद्योगको कार्य प्रकृति, उत्पादन, प्राविधिक पक्ष, कच्चा पदार्थ जस्ता पक्षमा आधारित भई प्रश्नहरु सोध्ने ।<br>- घरेलु तथा साना उद्योगको महत्व बताउन लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका को विकास निर्माण | - म्याङ्लुङ नगरपालिका क्षेत्र भित्र भएको सिंचाइ सुविधाको अवस्थासँग परिचित हुन । सिंचाई सुविधाको फाइदाहरु बताउन । | - नगरपालिका भित्र उपलब्ध सिंचाई सुविधाहरु<br>- कुलो, कुलो संख्या सिंचित क्षेत्र, सिंचाइ पुग्न नसकेको क्षेत्र, थप कुलो निर्माणको सम्भाव्यता, मुहान र क्षेत्र बर्षभरि कुलो चल्न सक्ने अवस्था<br>- सिंचाइका लागि मुख्य खोलाहरुः पिगुवा, ताङ्गाया, लुन्द्रङ, खोरुङ्गा<br>- सिंचाइ सुविधाबाट पुग्ने फाइदाहरुः उत्पादन वृद्धि, आर्थिक अवस्था सुधार, हरियाली, सुख्खा क्षेत्रमा उत्पादन,आकाशे पानीको निर्भरतामा कम, चाहेको समयमा सिंचाइ । | - सम्भव भएसम्म आफ्नो वरपर भएका कुलोहरुको अवलोकन गराई त्यसबाट लाभान्वित सिंचित क्षेत्रहरु पहिचान गराउने ।<br>- नजिकैको खोला अवलोकन गराउने ।<br>- छलफलद्वारा सिँचाइ सुविधाबाट प्राप्त हुने फाइदाहरु उल्लेख गर्ने र तिनको सूची तयार गर्ने । | - नगरपालिका भित्रका सिंचाई कुलोको नाम सहित सूचि बनाउन लगाउने ।<br>- नगरपालिका भित्र खेतीयोग्य जमीन मध्ये सिँचाइ सुविधा पुग्न सकेको क्षेत्र सोध्ने ।<br>- सिँचाई सुविधाबाट प्राप्त हुने फाइदाहरु उल्लेख गर्न लागाउने । |

म्याङ्लुङ नगरपालिका
म्याङ्लुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| - म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मीक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | - स्थानीय नाचहरुः लाखे नाच, धान नाच, संगीनी नाच, मारुनी नाच, च्याब्रुङ नाच, डम्फू नाचको परिचय प्रस्तुत गर्न | - स्थानीय नाचहरुः<br>• लाखे नाच, धान नाच, संगीनी नाच, मारुनी नाच, च्याब्रुङ नाच, डम्फू नाचको परिचय<br>- नाचमा प्रयोग हुने भेषभुशा बाजा, गाइने गीत र भाका, नाच्ने तरिका, नाचमा सहभागिताहुने उमेर समूह, महिला पुरुषको सहभागिता। | - स्थानीय नाँच प्रदर्शन हुने समयमा प्रत्यक्ष अवलोकन गराउने वा नाचको परिचय गराउन कलाकारहरु जुटाई विद्यालय वा नजिकको कुनै स्थानमा नाच प्रदर्शन गराउने व्यवस्था गर्ने र विद्यार्थीलाइ अवलोकन गराई नाच सम्बन्धी परिचय दिलाउने । सम्भवभए विद्यार्थीलाई समेत नाचमा सहभागी गराउने वा श्रव्य-दृष्य सामग्रीको प्रयोगद्वारा प्रष्ट पार्ने र कुनै स्थानीय नाच नाच्न लगाउने। | - नाच प्रदर्शान गर्न लगाउने ।<br>- नाच सम्बन्धी छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - म्याङ्लुङ नगरपालिकाभित्र परम्परागत प्रविधिमा आधारित उपकरणहरुको प्रयोगको अवस्था पहिचान गर्न। | - परम्परागत प्रविधिमा आधारित उपकरणहरुको प्रयोगको स्थिति<br>- उपकरण भएर पनि प्रयोग भए, नभएको कस्तो अवस्थामा प्रयोग हुने गरेको,<br>- प्रयोगमा मानिसहरुले बढी कुन उपकरण प्रयोग गर्ने गरेको,<br>- न्युन प्रयोग हुँदै गएका उपकरणहरु, प्रयोग हुन छोडेका उपकरणहरुः | - स्थानीय व्यक्तिहरुसँगको अन्तरक्रिया छलफलबाट परम्परागत उपकरणहरुको प्रयोग सम्बन्धमा जानकारी लिने, विद्यार्थीलाई आफ्नो वरपर प्रयोग भएका परम्परागत उपकरणहरुको नाम सोध्ने।<br>- परम्परागत प्रविधिमा आधारित उपकरणहरुको प्रयोग के कस्तो अवस्थामा हुने गरेको छ ? छलफल गर्ने। | - नगरपालिका क्षेत्रभित्र प्रयोग भइरहेका परम्परागत प्रविधिमा आधारित उपकरणहरुको सूची तयार गर्न लगाउने।<br>- बढी प्रयोगमा रहेका, कम प्रयोगमा रहेका र प्रयोग हुन छाडेका उपकरणहरुको नाम उल्लेख गर्न लगाउने। |

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

[illegible] कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | - म्याङ्लुङ नगरपालिका मा रहेका सहकारी संस्थाहरुको पहिचान गर्न र तिनका कार्यहरु उल्लेख गर्न। | - म्याङ्लुङ नगरपालिका मा रहेका क्रियाशील प्रमुख सहकारी संस्थाहरुको नाम सहित परिचय।<br>- सहकारी संस्थाको वर्गीकरण<br>• कृषि सहकारी, दुग्ध सहकारी<br>• वचत तथा ऋण सहकारी<br>• महिला सहकारी<br>• अलैची सहकारी,अदुवा सहकारी<br>• चिया सहकारी<br>- सहकारीका कार्यहरु<br>• संयुक्त लगानी<br>• बचत तथा ऋण परिचालन<br>• नियमित वचत<br>• आपसमा सहयोग।<br>• प्रतिफलको समान उपयोग आदि । | - जिल्ला सहकारी संघमा आवद्ध सहकारी संस्थाहरुको नाम ठेगाना वताउने।<br>- स्थानीय सहकारी संस्थाको अध्ययन भ्रमण गराउने।<br>- सहकारी संस्थाले गर्ने कार्यहरु छलफलद्वारा प्रष्ट पार्ने। | - म्याङ्लुङ नगरपालिका मा रहेका क्रियाशिल सहकारी संस्थाको नाम सूचीकरण गर्न लगाउने<br>- कार्यप्रकृति अनुसार सहकारी संस्थालाई वर्गीकरण गर्न लगाउने ।<br>- सहकारी संस्थाको प्रमुख कार्यहरु उल्लेख गर्न लगाउने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको समृद्धिको आधारहरु तथा समस्याहरु र समाधानका उपायहरु | - म्याङ्लुङ नगरपालिका क्षेत्र भित्र रहेका शैक्षिक समस्याहरु पहिचान गर्न। | - म्याङ्लुङ नगरपालिकामा रहेका शैक्षिक समस्याहरु<br>• विद्यालयमा घट्दो विद्यार्थी संख्या<br>• प्राविधिक तथा व्यवसायिक शिक्षाको अभाव<br>• शैक्षिक गुणस्तरमा कमी<br>• उच्च शिक्षाका लागि बाहिर जानु पर्ने<br>• सामुदायिक विद्यालय प्रतिको विकर्षण<br>• संस्थागत विद्यालय प्रतिको आकर्षण<br>• शिक्षण क्रियाकलापमा आधुनिक प्रविधिको प्रयोगमा कमी आदि। | - सम्बन्धित निकायबाट विद्यालयमा विद्यार्थी संख्याको अभिलेख लिई तथ्याङ्क प्रस्तुत गर्ने।<br>- विद्यार्थी अभिभावक शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी प्रधानाध्यापक लगायत अन्य सरोकारवालाहरुसँग छलफल विचार विमर्श तथा अन्तरक्रिया गरी विषयवस्तुमा उल्लेखित पक्षहरुमा आधारित भएर सूचना, तथ्याङ्क लिई विद्यार्थीलाई प्रष्ट पार्ने। | - म्याङ्लुङ नगरपालिकामा रहेका शैक्षिक समस्याहरुको सूची बनाउन लगाउने । |

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था :: २०७३

नगर प्रमुख

# विषयवस्तु विस्तृतीकरण

## कक्षा:- ६

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगर पालिकाको परिचय | - वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा कार्यहरुसँग परिचित भई सेवा प्राप्त गर्ने तरिकाहरु बताउन । | - वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा कार्यहरुः<br>- सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, विकास निर्माण, तालिम, गोष्ठी, राहत वितरण, अन्य<br>- सेवा प्राप्त गर्ने तरिका/प्रकृयाः निवेदन, बैठक निर्णय, तोक आदेश, निर्देशन कार्यान्वयन कानुनी व्यवस्था । | - सम्भव भएसम्म वडा कार्यालयको अध्ययन भ्रमणबाट जानकारी गराउने ।<br>- कानुनमा भएका व्यवस्थालाई छलफलद्वारा प्रष्ट पार्ने ।<br>- वडाले दिने सेवा उपलब्ध गर्न वडा कार्यालय जाने र सेवा लिने । | - वडा कार्यालयले प्रदान गर्ने सेवा तथा कार्यहरुको सूची तयार गर्न लगाउने ।<br>- वडाबाट सेवा प्राप्त गर्ने तरिकाहरु सोध्ने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु, कृषिमा प्रयोग हुने औजार र कृषकका समस्याहरु | - नगरपालिकामा क्षेत्र भित्र परम्परागत र आधुनिक कृषि औजारको प्रयोगको अवस्था पहिचान गर्न ।<br>- तरकारी तथा फलफूल खेतीका लागि उपलब्ध प्राविधिक सेवाहरुसँग परिचित हुन । | - परम्परागत कृषि औजारको प्रयोगको स्थिति<br>- आधुनिक कृषि औजारको प्रयोगको स्थिति<br>- आधुनिक कृषि औजारको प्रयोगमा देखिएको कृषकको चासो ।<br>- तरकारी तथा फलफूल खेतीका लागि उपल्ब्ध प्राविधिक सेवाहरुः<br>• कृषि प्राविधिकको उपलब्धता<br>• तालिम<br>• रोग लाग्दा पुर्याइएको सेवाहरु<br>• टनेल, मल, वीउ, किटनाशक औषधिको उपलब्धता आदि । | - विद्यार्थीलाई घर वा वरपर भएका परम्परागत र आधुनिक कृषि सामग्रीको के कसरी प्रयोग भएका छन् ? र आधुनिक सामग्रीको प्रयोगमा देखिएको आकर्षण सम्बन्धमा छलफल गर्ने ।<br>- सम्बन्धीत निकाय तथा कृषकबाट सूचना तथा जानकारी लिई फलफूल तथा तरकारी खेतीका लागि उपलब्ध प्राविधिक सेवाहरु सम्बन्धी जानकारी गराउने । | - विषवस्तु सम्बन्धी छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने । |

म्याङ्लुङ नगरपालिका म्याङ्लुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

[signature] कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | - नगरपालिका क्षेत्र भित्र भएका मुख्य व्यापारिक बजारहरु पहिचान गरी तिनमा हुने व्यापार व्यवसायसँग परिचित हुन् । | - नगरपालिका क्षेत्र भित्रकाका मुख्य व्यापारिक बजारहरुः म्याङ्लुङ वजार, जिरिखिम्ती बजारमा हुने व्यापार व्यवसायहरुः | - नगरपालिका का मुख्य बजारहरु को अध्ययन भ्रमण गराउने ।<br>- बजारमा भएका व्यपार व्यवसायहरु अवलोकन गराउने ।<br>- भिन्न भिन्न प्रकृतिका वस्तुहरुको व्यापारलाई भिन्न भिन्न नामबाट परिचित गराउने । | - नगरपालिकाका प्रमुख बजारहरुको नाम सोध्ने ।<br>- बजार भ्रमण गराई सामान अनुसारका पसलहरु देखाउन लगाउने ।<br>- पसलका प्रकारहरु भन्न लगाउने । |

| | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| ४ | म्याङ्लुङ नगरपालिका को विकास निर्माण | - नगरपालिका क्षेत्र भित्र भएको विद्युति करणको अवस्था परिचित हुन र यसका उपयोगिताहरु बताउन । | - नगरपालिका क्षेत्रको विद्युतीकरण अवस्था<br>- विद्युत लाइन विस्तार<br>- विद्युत सुविधा उपलब्ध भएको क्षेत्र र नभएको क्षेत्र ।<br>- स्थानीय जलविद्युत उत्पादन आयोजनाको परिचय<br>- वितरण प्रणाली<br>- मिटर रिडिङ सिष्टम<br>- विद्युत पोलको अवस्था<br>- विद्युत आपूर्तिमा नियमितता<br>- विद्युतको उपयोग<br>- घरायसी प्रयोजन<br>- उद्योग धन्दा संचालन<br>- इलेक्ट्रोनिक्स समग्रीको प्रयोग<br>- संचारका साधन संचालन आदि | - विद्यालय वरपरको विद्युत विस्तार तथा स्थानीय जलविद्युत आयोजनाको अवलोकन गराउने ।<br>- विद्युत सुविधा पुगेका र नपुगेका क्षेत्र (यदि नपुगेका भए) वताइ दिने<br>- वितरण प्रणाली Meter reading system विद्युत आपूर्ती सम्वन्धमा<br>- विद्यार्थीसँग छलफल गर्ने ।<br>- विद्युतका उपयोगिताहरु सम्वन्धमा छलफल गर्ने | - विद्युतीकरण सम्बन्धी छोटा प्रश्नहरु सोध्ने ।<br>- विद्युतबाट प्राप्त हुने उपयोगिताहरुको सूची तयार गर्न लगाउने |

म्याङ्लुङ नगरपालिका म्याङ्लुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मीक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | - नगरपालिका क्षेत्रभित्र भएका प्रकृतिक सम्पदाहरु पहिचान गर्न । | - नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक सम्पदाहरु<br>- मुख्य वनजंगलहरु, जडिवुटी, मुख्य बोटविरुवाहरु, खोलानालाहरु,<br>- गडी जंगल, ठूलो वन, याङखरा, जिप्तारे, चुलीवन, पात्लेचौर, लाफेटार, तमोर किनार, केउरानी, खोरुङ्गा खोला बन क्षेत्र, हरिसे क्षेत्र<br>- जडीवुटीहरुः बोजो, हर्रो, बर्रो, गुर्जो,अमला, लेकाली टिमुर (सिलटुमुर), बोके टिमुर, चिराइतो, पाखानवेद चरिअमिलो, पाँचऔंले, मर्चेझार, घ्युकुमारी आदि<br>- बोटविरुवा- सल्ला, उत्तिस, चिलाउने, सखुवा, खयर, पात्ले, सिसौ, चाँप, कुरिलो, नेवारो, फलेदो, जामुन...<br>- मुख्य खोलाहरुः खोरुङ्गा, पिगुवा, रुपा, अम्फूवा, लुन्द्रुङ, अम्फुवा वडहरे खोला अन्य । | - नगरपालिका क्षेत्र भित्रमा रहेका मुख्य वन क्षेत्रको अवलोकन गराउने ।<br>- वनजङ्गलमा पाइने मुख्य बोटविरुवाहरु र जडिवुटी अवलोकन गराउने,चिन्न लगाउने ।<br>- जङ्गल क्षेत्र भित्र र अन्यत्र पाइने जडिवुटीहरु पहिचान गराउने ।<br>- नगर क्षेतभित्र रहेका खोलानाला सम्भव भएसम्म अवलोकन गराउने र मुख्य खोलाहरुको नाम वताउने । | - नगरपालिकामा रहेका मुख्य वनहरुको नाम सूचीकरण गर्न लगाउने ।<br>- नगरपालिका क्षेत्रभित्र पाइने प्रमुख रुखविरुवाहरु र जडीवट्टीको नाम बताउन लगाउने ।<br>- नगरपालिका भित्र रहेका खोला नालाहरुको नाम बताउन लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - परम्परागत प्रविधिमा आधारित उपकरणहरुको प्रयोगमा देखिएका समस्या पहिचान हुनु । | - परम्परागत प्रविधिमा आधारित उपकरणहरु निर्माण गर्न सक्ने सीपयुक्त जनशक्ति र प्रयोग तथा संचालन गर्न सक्ने जनशक्तिको उपलब्धता ।<br>- निश्चित स्थानमा जडित त्यस्ता उपकरणसम्म पुग्ने समय<br>- आधुनिक उपकरण प्रतिको आकर्षण<br>- ती उपकरणबाट कार्य सम्पन्न गर्न लाग्ने समयको आँकलन (आधुनिक भन्दा छिटो, ढिलो अन्य) | - विद्यार्थी तथा अविभावकसँग छलफल तथा अन्तरक्रिया गरी परम्परागत प्रविधि मा आधारित उपकरणको प्रयोगमा देखिएका समस्याहरु । | - विषयवस्तुसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने । |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | - नगरपालिका क्षेत्रभित्र रहेका प्रमुख गैर सरकारी संस्थाहरु पहिचान गरी तिनका कार्यहरुको बताउन । | - नगरपालिका क्षेत्रभित्र रहेका प्रमुख गैर सरकारी संस्थाहरुको नाम<br>- गैर सरकारी संस्थाले गर्ने कार्यहरु<br>• जनचेतना, तालिम<br>• विकास / निर्माण<br>• आयमूलक कार्यक्रम<br>• विपद व्वस्थापन, समुदाय सशक्तीकरण आदि | - गैर सरकारी संस्थाहरुको अर्थ तथा अवधारणा प्रष्ट पार्ने र नगर पालिकामा रहेका प्रमुख गैर सरकारी संस्थाहरुको सूची तयार गर्न लाउने (गैर सरकारी संस्थाहरुसँग सम्पर्क कायम गरी लिने ।)<br>- गैर सरकारी संस्थाहरुले गर्ने गरेका प्रमुख कार्यहरु सम्बन्धित संस्थासँग लिने र विद्यार्थीसँग छलफल गरी प्रष्ट पार्ने । | - गैर सरकारी संस्थाहरु को अर्थ तथा अवधारणा सोध्ने ।<br>- नगरपालिकामा रहेका गैर सरकारी संस्थाहरुको सूची तयार गर्न लगाउने ।<br>- गैर सरकारी संस्थाहरुले गर्ने कार्य उल्लेख गर्न लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको समृद्धिको आधारहरु तथा समस्याहरु र समाधानका उपायहरु | - म्याङ्लुङ नगरपालिका सम्वृद्धिका सम्भाव्य आधारहरु पहिचान गर्ने । | - पर्यटन प्रबर्द्धन, पर्यटकीय क्षेत्रको पहिचान र विकास, View Tower हरु निर्माण, उद्यान निर्माण व्यवस्थापन, शहिद नेत्र गुरागाई पार्क, आलेटार , भ्यू टावर थलाडाँडा, तीनजुरे मिल्के जलजले-TMJ क्षेत्र आदिको विकास र संरक्षणः<br>- सडक सञ्जालको विस्तारः म्याङ्लुङ-तमोर-फिदिम, तमोर करिडोरसम्मको सडक पहुँच, जिरिखिम्ती-चौकी सडक, म्याङ्लुङ नगरपालिकाको रिङरोड , तमोर जलाशययुक्त आयोजना ।<br>- उत्पादन वृद्धि र विशिष्टीकरण<br>- सुख्खा क्षेत्रमा सिंचाइ प्रवन्ध गरी उत्पादनमा बृद्धि, खाद्यान्न, फलफूल, जडीवुटी र तथा तरकारी उत्पादन का लागि पकेट क्षेत्र घोषणा तथा प्रवर्धन<br>- प्राकृतिक सम्पदाको संरक्षण तथा सम्वर्धन ।<br>- घेरेलु तथा साना उद्योगहरुको संरक्षण र विकास । | - नगरपालिकाको संम्वृद्धि र विकासका लागि सम्भाव्य क्षेत्रहरुका सम्बबन्धमा विद्यार्थीसँग छलफल गर्ने ।<br>- केही क्षेत्रहरुको स्थलगत अवलोकन गराउने | - विषयवस्तु सम्वन्धी छोटो उत्तरात्मक प्रश्न सोध्ने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| शहिद नेत्र गरागाइको जीवनी र योगदान | शहिद नेत्र गुरागाई जीवनीसंग परिचित हुन । | शहिद गुरागाइको ब्यक्तिगत विवरण, पारिवारिक पृष्ठभूमि, उनको संघर्ष, त्याग र कृयाकलापहरु र उनले सामाजिक तथा राजनैतिक योगदानहरु । | शहिद नेत्र गुरागाईको तस्विर देखाउने उनको जीवनी संग सम्वन्धित परिवार, आफन्तजन र उनलाई वुझ्ने चिन्ने व्यक्तिहरुवाट कुरा वुझेर विद्यार्थीलाइ प्रष्ट पार्ने । सकेसम्म त्यस्ता व्यक्तित्वसंग विद्यार्थीलाइ साक्षात्कार गराउने । | छोटो तथा लामो उत्रात्मक प्रश्नहरु सोध्ने । |

नगर प्रमुख

# विषयवस्तु विस्तृतीकरण

## कक्षा:- ७

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको परिचय | - नगरपालिकाद्वारा प्रदान गरिने सेवा तथा कार्यहरुसँग परिचित भई सेवा प्राप्त गर्ने तरिका बताउन।<br>- वडाध्यक्षको काम कर्तव्य र अधिकार बताउन। | - नगरपालिकाद्वारा प्रदान गरिने सेवा तथा कार्यहरु<br>- स्थानीय सरकारको रुपमा प्रदान गर्ने सबै प्रकारका सेवा तथा कार्यहरु<br>- सेवा प्राप्त गर्ने तरिकाहरु<br>- निवेदन, वैठक, निर्णय, तोक आदेश, निर्देशन कार्यान्वियन, कानुनी व्यवस्था<br>- वडाध्यक्षको काम कर्तव्य र अधिकार। | - वैधानिक रुपमा व्यवस्थित भएका कुराहरु विद्यार्थीसँग छलफल गरी प्रष्ट पार्ने। | - नगरपालिकाद्वारा प्रदान गरिने सेवातथा कार्यहरुको सूची तयार गर्न लगाउने ।<br>- सेवा प्राप्त गर्ने तरिकाहरु बताउन लगाउने<br>- वडाध्यक्षको काम कर्तव्य र अधिकारहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु, कृषिमा प्रयोग हुने औजार र कृषकका समस्याहरु | - नगरपालिका क्षेत्रभित्र तरकारी तथा दुग्ध उत्पादन हुने मुख्य क्षेत्रहरु पहिचान गर्न।<br>- तरकारी खेतीमा झेल्नु परेका समस्या र समाधानका उपायहरु पहिल्याउन। | - दूध तथा तरकारी उत्पादन हुने नगरका प्रमुख क्षेत्रहरु।<br>- तरकारी उत्पादनमा झेल्नुपरेका प्रमुख समस्याहरुः<br>सिंचाइ, उन्नत मल, बीउको अभाव<br>विषादिको प्रयोगले स्वास्थ्यमा पर्ने असर<br>- बजारको अभाव, रोगको प्रकोप, मौसम प्रतिकूलता, ढुवानी समस्या आदि<br>- समाधानका उपायहरु<br>- वजार सुनिश्चितता ढुवानी तथा सिंचाई प्रवन्ध, उन्नत बीउ बीजन तथा किटनाशक औषधिको उपलब्धता<br>- प्राविधिक सहयोग आदि। | - दूध उत्पादन र तरकारी उत्पादनका प्रमुख क्षेत्रहरुको अवलोकन भ्रमण गराई उक्त क्षेत्रहरुको पहिचान गराउने।<br>- कृषकहरुसँग अन्तरक्रिया गरी तरकारी खेतीमा देखिएका समस्याहरु पहिचान गराउने र समाधानका उपायहरु समेतमा छलफल गरी उपायहरु पहिचान गर्ने। | - नगरपालिका क्षेत्रभित्र दुग्ध उत्पादन र तरकारी उत्पादनका क्षेत्र अलग अलग सूची तयार गर्न लगाउने।<br>- तरकारी खेतीमा भएका समस्याहरु र समाधानका उपायहरु छुट्टा छुट्टै बूँदागत रुपमा लेख्न लगाउने। |

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

[signature] कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | - नगरपालिका क्षेत्रमा भएका होटल व्यवसायको अवस्था पहिचान गर्न ।<br>- पर्यटन विकासको सम्भावना पहिल्याउन । | - नगरपालिका क्षेत्रमा भएका होटल व्यवसायहरु,<br>- होटल व्यवसायमा उपलब्ध सुविधाहरु, पाहुना क्षमता, वाह्य वातावरण, होटल संख्या आदि<br>- पर्यटन विकासको संभाव्यता<br>- आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने उपायहरु<br>- नयाँ पर्यटकीय स्थलको खोजी र विकास ।<br>- भएका पर्यटकीय स्थलहरुको संरक्षण सम्बर्धन । | - सुविधायुक्त होटलहरुको अवलोकन गराउने ।<br>- पर्यटन विकासको संभावनालाई सहयोग पुर्याउने उपायहरुको सम्बन्धमा विद्यार्थीसँग छलफल गर्ने । | - पर्यटनलाई सहयोग पुर्याउने खालका होटलहरुको नाम सूचीकरण गर्न लगाउने ।<br>- पर्यटन विकासलाई सहयोग पुर्याउन सक्ने सम्भावनाहरु उल्लेख गर्न लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको विकास निर्माण | - नगरपालिका क्षेत्रका राष्ट्रिय राजमार्ग, सहायक माग, पहिचान गरी सडकको अवस्थासँग परिचित हुन । | - नगरक्षेत्रमा पर्ने राष्ट्रिय राजमार्ग, मध्यपहाडी पुष्पलाल लोक मार्ग<br>- नगरभित्र यसले समेटेको क्षेत्र, र राजमार्गको अवस्था ।<br>- सहायक मार्गहरुः म्याङ्लुङ-तमोर, म्याङ्लुङ-ओख्रे शुक्रबारे, जिरिखिम्ती-चौकी, जिरिखिम्ती- मोराहाङ, सडकले समेट्ने क्षेत्र, सडकको अवस्था, सडक लम्बाई । | - उल्लेखित सडकहरुको केही भाग अवलोकन गराउने ।<br>- राष्ट्रिय राजमार्ग र सहायक मार्गहरु चिनाउने,<br>- तिनको अवस्था अवलोकन गराउने । | - म्याङ्लुङ नगरपालिका क्षेत्रभित्र पर्ने राष्ट्रिय राजमार्गको नाम र सहायक मार्गहरुको नाम सोध्ने ।<br>- सडकहरुको अवस्थासँग सम्बन्धित प्रश्नहरु सोध्ने ।<br>- राष्ट्रिय राजमार्ग तथा सहायक मार्गले छोएका नगरपालिकाका स्थानहरु बताउन लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मीक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | - नगरपालिका क्षेत्र भित्रका भएका ऐतिहासिक स्थलहरु पहिचान गरी तिनको परिचय प्रस्तुत गर्न । | - नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक स्थलहरुको अवलोकन र परिचय<br>• खुरखुटे ओडार म्याङ्लुङ<br>• पोतेको ढुङ्गा पिप्ले<br>• छेले डाँडा हरिसेको शीर<br>• भिमसेन पाइला केउरानी<br>• गडियक गढीको जंगल<br>• साधुको कुटी साब्ला , दशगते सुरुङ<br>• बाधले कोरेको ढुङ्गा आदि | - ऐतिहासिक स्थलहरुको प्रत्यक्ष अवलोकन गराउने ।<br>- स्थानीय व्यक्तिसँग छलफल गरी ऐतिहासिक पक्षबारे जानकारी लिने ।<br>- विद्यार्थीलाई तिनको प्राकृतिक अवस्था तथा स्वरुपबारे परिचित गराउने ।<br>- ऐतिहासिक महत्व प्रष्ट पार्ने | - नगरपालिका क्षेत्र भित्रका रहेका ऐतिहासिक स्थलहरुको सूची तयार गर्न लगाउने ।<br>- ऐतिहासिक स्थलको प्राकृतिक अवस्था,<br>स्वरुप तथा ऐतिहासिक पक्षसँग सम्बन्धित प्रश्नहरु सोध्ने । |



म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङकन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - दैनिक व्यवहारमा परम्परागत प्रविधिमा आधारित उपकरणहरुको आवश्यकता बताउन। | - परम्परागत प्रविधिमा आधारित उपकरणहरुको दैनिक व्यवहारमा प्रयोगको आवश्यकता<br>- फलफूलबाट रस निकाल्न, तेल पेल्न, चामल तयार गर्न, फलामे सामग्री धारिलो पार्न र बनाउन, अन्न बाली पिसानी गर्न माटा तथा काठका भाडा बनाउन आदि। | - विद्यार्थीहरुलाई परम्परागत प्रविधिमा आधारित उपकरणहरुको प्रयोगबाट हुने कार्यहरु अवलोकन तथा छलफलबाट त्यस्ता उपकरणहरुको आवश्यकता र महत्वबारेमा जानकारी गराउने। | - विषयवस्तुसँग सम्बन्धित छोटो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङकन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | - स्थानीय जनताको सशक्तीकरणका लागि स्थानीय संघसंस्थाको भूमिका पहिचान गर्न। | - स्थानीय संघ संस्थाले जनताहरुको सशक्तीकरणका लागि सहयोग पुर्याउने पक्षहरुः<br>• आर्थिक सवलीकरण।<br>• शैक्षिक सवलीकरण।<br>• शैक्षिकस्तरमा सुधार<br>• सीपको विकास<br>• चेतना स्तर वृद्धि।<br>• साक्षरता<br>• स्वास्थ्य सुधार (पोषण, खोप सुई, औषधि उपचार, सरसफाइ)<br>• अपनत्वको भावना आदि। | - नगर क्षेत्रमा संचालित स्थानीय संघसंस्थाले गर्ने कार्यहरुको आधारमा जनतालाई शसक्तीकरण गर्ने पक्षमा हुने क्रियाकलापहरुः<br>विद्यार्थीसँग छलफल गरी प्रष्ट पार्ने। | - स्थानीय संघ संस्थाले जनतालाई शसक्तीकरण गर्न खेलेको भूमिकाहरु उल्लेख गर्न लगाउने। |

म्याङ्लुङ नगरपालिका
म्याङ्लुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

[signature]
[stamp: नगर प्रमुख]

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको समृद्धिको आधारहरु तथा समस्याहरु र समाधानका उपायहरु | - नगरपालिका भित्र रहेका स्वास्थ्य सम्बन्धी समस्याहरु पहिचान गर्न र समाधानका उपायहरु बताउन । | - नगरपालिका भित्र रहेको स्वास्थ्य सम्बन्धी समस्याहरुः<br>• सुविधा सम्पन्न अस्पतालको अभाव<br>• दक्ष चिकित्सक नहुनु ।<br>• सामान्य उपचारका लागि वाहिर जानु पर्ने ।<br>• स्तरीय Lab नहुनु ।<br>• ग्रामिण जनता बढी धाँमी झाक्रीमा भर पर्नु ।<br>• रोगको पहिचान गर्न नसक्नु ।<br>• निःशुल्क पाइने औषधि समेत पर्याप्त नहुनु ।<br>- समाधानका उपायहरुः<br>• विशेषज्ञ चिकित्सकको उपलब्धता , जनचेतना बृद्धि , स्तरीय Lab, सुविधा सम्पन्न अस्पताल,विशेषज्ञ सेवाको उपलब्धता आदि । | - विद्यार्थीसँग छलफल गरी स्वास्थ्य सम्बन्धी समस्याहरु र समाधानका उपायहरु प्रष्ट पार्ने । | - नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य समस्याहरुको सूची तयार गर्न लगाउने ।<br>- स्वास्थ्य समस्या समाधानका उपायहरु उल्लेख गर्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| डा. महेश्वरमान श्रेष्ठको जीवनी र योगदान | डा. महेश्वरमान श्रेष्ठको जीवनी र योगदानमा परिचित हुन । | डा. महेश्वरमान श्रेष्ठको ब्यक्तिगत विवरण, पारिवारिक पृष्ठभूमि, उनको संघर्ष, त्याग र कृयाकलापहरु र उनले सामाजिक तथा राजनैतिक योगदानहरु | डा. महेश्वरमान श्रेष्ठको तस्विर देखाउने उनको जीवनी संग सम्वन्धित परिवार ,आफन्तजन र उनलाइ वुझ्ने व्यक्तिहरुवाट कुरा वुझेर विद्यार्थीलाइ प्रष्ट पार्ने । सकेसम्म त्यस्ता व्यक्तित्वसंग विद्यार्थीलाइ साक्षात्कार गराउने । | छोटो तथा लामो उत्रात्मक प्रश्नहरु सोध्ने । |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम १ नं. प्रदेश नेपाल स्था : २०७३

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

# विषयवस्तु विस्तृतीकरण

## कक्षाः- ८

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङकन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगर पालिकाको परिचय | - नगर कार्यसमितिको परिचय, संख्या र गठन प्रक्रियासँग परिचित हुन ।<br>- नगर प्रमुख र उपप्रमुखको काम, कर्तव्य र अधिकार बताउन । | - नगर कार्यसमितिको परिचय, संरचना र गठन प्रक्रिया ।<br>- नगर प्रमुख र उपप्रमुखको काम, कर्तव्य र अधिकार | - नगर कार्यसमितिको परिचय, संरचना र गठन प्रक्रिया सम्बन्धमा भएका कानुनी व्यवस्थाको बारेमा छलफल गर्ने ।<br>- नगर प्रमुख र उपप्रमुखको काम, कर्तव्य र अधिकारका सम्बन्धमा छलफल गर्ने । | - विषयवस्तु सम्बन्धी छोटो तथा लामो उत्तरात्मक प्रश्नहरु सोध्ने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरु,प्रयोग हुने कृषि औजार र कृषकका समस्याहरु | - नगरपालिका क्षेत्रभित्रका कृषकका समस्या र समाधानका उपायहरु पहिचान गर्न । | - कृषकका समस्यहरुः<br>• सिंचाइ, मल वीउको कमी<br>• आधुनिक कृषि प्रविधिमा आधारित ज्ञान, सिपको अभाव<br>• आधुनिक समग्रीहरु नहुनू।<br>• कृषि सहकारिताको अभाव<br>• बजारको सुनिश्चिता नहुनू<br>• उत्पादित वस्तु निकासीमा समस्या<br>- समाधानका उपायहरु ।<br>• सिचाइँको प्रवन्ध<br>• उन्नत मलवीउको उपलब्धता<br>• कृषि अनुदानको व्यवस्था<br>• कृषि सहकारी शिक्षा<br>• आधुनिक औजारको व्यवस्था<br>• वजार सुनिश्चितता आदि | - कृषकका समस्याहरु र समाधानका उपायहरु सम्बन्धमा विद्यार्थीसँग छलफल गर्ने । | - म्याङ्लुङ नगरपालिका भित्रका कृषकका समस्याहरुको सूची तयार गर्न लगाउने ।<br>- समस्या समाधानका उपायहरु प्रस्तुत गर्न लगाउने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्रभित्रका आर्थिक क्रियाकलापहरु | - नगरपालिका क्षेत्र भित्रका आर्थिक क्रियाकलापका थप सम्भावनाहरु पहिचान गर्न। | ▪ आर्थिक क्रियाकलापका सम्भावनाहरुः<br>- वनपैदावरको व्यवस्थापन जडिवुटी खेती र यसको संरक्षण संबर्धन।<br>- लालिगुराँस क्षेत्रको संरक्षण संबर्धन र पर्यटन प्रवर्धन।<br>- उद्योगधन्दाको प्रवर्धन<br>- व्यवसायिक कृषिलाई प्रोत्साहन<br>- जलविद्युत उत्पादन आदि। | - म्याङ्लुङ नगरपालिका क्षेत्र भित्र आर्थिक क्रियाकलापहरुका लागि के कस्ता सम्भावनाहरु छन् ? भन्ने विषयमा विद्यार्थीसँग प्रश्नोत्तर तथा छलफल गर्ने। | - आर्थिक क्रियाकलापका सम्भावनाहरुको सूची बनाउन लगाउने।<br>- विषयवस्तु सम्बन्धी छोटो तथा लामो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकाको विकास निर्माण | - म्याङ्लुङ नगरपालिका क्षेत्र भित्र भौतिक पूर्वाधारका भावी र विकासका सम्भावनाहरु पहिचान गर्न। | ▪ भौतिक पूर्वाधार विकासका भावी सम्भावनाहरुः<br>- तमोर जलाशययुक्त आयोजना<br>- पिंगुवा सिंचाइ आयोजना<br>- साना सिंचाईहरु, रंगशाला निर्माण<br>- म्याङ्लुङ नगरपालिका चक्रपथ<br>- सुविधा सम्पन्न अस्पताल<br>- उच्च प्राविधिक शिक्षालय<br>- पर्यटन प्रवर्धन, विमानस्थल<br>- प्याराग्लाइडिङ, केवलकार, रक क्लाइम्विङ्ग, फुट ट्रेकिङ, संग्रहालय आदि | - नगरपालिका भित्र भौतिक पूर्वाधार तथा विकासका लागि भावी सम्भावनाहरु सम्बन्धमा विद्यार्थीसँग छलफल गर्न। | - नगरपालिका क्षेत्रभित्रका भौतिक पूर्वाधारका सम्भावनाका क्षेत्रहरुको सूची तयार गर्न लगाउने। |

म्याङ्लुङ नगरपालिका
म्याङ्लुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

[illegible] कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिका क्षेत्र भित्रका प्राकृतिक, धार्मीक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु | ▪ प्राकृतिक, धार्मिक तथा साँस्कृतिक सम्पदासँग परिचित भई संरक्षणको उपायहरु सुझाउन। | ▪ **प्राकृतिक तथा धार्मिक सांस्कृतिक सम्पदाको महत्वः**<br>- मौलिक पहिचान तथा सम्पत्ति<br>- आर्थिक आर्जनको माध्यम, पर्यटन विकासमा सहयोग<br>- अनुकरणीय नमुना<br>- धार्मिक आस्थाको प्रवर्धन, कृषि क्षेत्रलाई सहयोग<br>- उद्योग संचालनका लागि कच्चा पदार्थ<br>- पूर्वाधार विकासमा सहयोग<br>▪ **संरक्षणका उपायहरुः**<br>- प्राकृतिक तथा धार्मिक सम्पदाको समुचित उपयोग गर्ने<br>- अनावश्यक दोहनलाई रोक्ने, सामूहिक भावनाको विकास गराउने।<br>- चेतनामूलक कार्यक्रम संचालन गर्ने, प्रदुषण नियन्त्रण गर्ने<br>- मठ, मन्दिरहरुको मर्मतसंभार नियमित गर्ने आदि। | ▪ प्रकृतिक तथा धार्मिक साँस्कृतिक सम्पदाको महत्व र संरक्षणका उपाय सम्बन्धमा छलफल गर्ने।<br>- प्राकृतिक, आर्थिक तथा साँस्कृतिक सम्पदाहरुको अवलोकन गराउने।<br>- सामुहिक सहभागितामा धार्मिक तथा पर्यटकीय स्थलहरुको सरसफाइ गराउने। | ▪ विषयवस्तु सम्बन्धी छोटो तथा लामो उत्तरात्मक प्रश्नहरु सोध्ने। |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| परम्मपरागत प्रविधिहरु | - स्थानीय हाते सीपबाट निर्मित वस्तुहरुको उत्पादनमा देखिएका समस्याह र समाधानका उपायहरुको पहिचान गर्न। | ▪ **उत्पादनमा देखिएका समस्याहरु**<br>- सीपयुक्त जनशक्तिको अभाव<br>- आधुनिक वस्तुहरु प्रति वढ्दो आकर्षण<br>- उत्पादन समय र श्रम वढी<br>- वैकल्पिक आधुनिक उपकरणको प्रयोगले वढी सहजता ल्याएको<br>- वढी मेहनतको अवश्यकता<br>- सीप हस्तान्तरणको समस्या आदि<br>▪ **समाधानका उपायहरुः**<br>- उत्पादन गर्न जनशक्तिलाई प्रोत्साहित गर्ने<br>- नयाँ पुस्तालाई आकर्षण गर्ने<br>- वजार व्यवस्थापनमा ध्यान दिने।<br>- वस्तु प्रयोगका लागि प्रोत्साहित गर्ने<br>- निकासी वातावरण निर्माण गर्ने आदि | - उत्पादनसँग सम्बन्धित समस्यामा स्थानीय उत्पादकसँग छलफल गर्ने र विद्यार्थीलाई प्रष्ट पार्ने।<br>- उत्पादन समस्याका समाधानका उपायहरु बारेमा छलफल गर्ने। | - स्थानीय सामग्री उत्पादनमा भएका समस्याहरुको सूची तयार गर्न लगाउने।<br>- समस्या समाधानका उपायहरु उल्लेख गर्न लगाउने। |

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३



[signature] कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय संघसंस्थाहरु | - स्थानीय संघसंस्था र नगरपालिका बीचको सम्बन्ध पहिचान गर्न। | - स्थानीय संघ संस्था र नगरपालिका वीचको सम्बन्ध<br>- नगरपालिकासँग संघसंस्थाको दर्ता<br>- नगरपालिकाले स्थानीय संघ संस्थालाई गर्ने रेखदेख, नियन्त्रण तथा निर्देशन।<br>- नगरपालिकाले प्रदान गर्ने बजेट<br>- संघ संस्थाले गर्ने कार्य र नगरपालिकासँग हुने समन्वय<br>- संघसंस्था तथा तिनको कर्मचारी व्यवस्थापनमा नगरपालिकाको भूमिका आदि | ▪ स्थानीय संघसंस्था र नगपालिका वीचको सम्बन्धका बारेमा छलफल गर्ने।<br>▪ नजिकका संस्थाको भ्रमण गराई नगरपालिकासँगको सम्वन्ध केलाउने। | - छोटो र लामो उत्तरात्मक प्रश्नहरु सोध्ने । |

| क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| म्याङ्लुङ नगरपालिकामा अवसरहरु नगरपालिकाका समस्याहरु र समाधानका उपायहरु | - नगरपालिका क्षेत्रभित्र रहेका वर्तमान चुनौतिहरुसँग परिचित भई समाधानका उपायहरु प्रस्तुत गर्न। | - नगरपालिकामा रहेका वर्तमान चुनौतिहरुः<br>• जनचाहना अनुरुप विकास निर्माणलाई अगाडि बढाउनु<br>• जनताको जीवनस्तर उठाउँनु<br>• आर्थिक समृद्धितर्फ अगाडि बढ्नु।<br>• रोजगारीका अवसरहरु सृजना गर्नु<br>• आम्दानिका स्रोतहरु सिर्जना गर्नु<br>• छिटोछरितो रुपमा सेवा प्रदान गर्नु।<br>• सन्तुलित रुपमा सवै क्षेत्रको विकास गर्नु<br>- समाधानका उपायहरुः<br>• जनचाहना अनुरुप विकास निर्माण गर्नु।<br>• आयमूलक क्रियाकलाप संचालन गर्न।<br>• पर्यटन, कृषि, धातु, घरेलु तथा साना उद्योगको विकास गरी जीवनस्तर सुधार्नु।<br>• नगरपालिका मा आम्दानीका स्रोतहरु बढाउदै सन्तुलित विकास गर्ने। | - नगरपालिका तथा वडा तहका जनप्रतिनिधि एवं कर्मचारीसँग छलफल गरीनगरपालिका क्षेत्रभित्र रहेका वर्तमान चुनौतिहरु विद्यार्थीलाई प्रष्ट पार्ने। | - नगरपालिका को चुनौतिहरुको सूची तयार गर्न लगाउने।<br>- चुनौति समाधानका उपायहरु उल्लेख गर्न लगाउने। |

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७३

[signature]
... कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| डा. अभि सुवेदीको जीवनी र योगदान | डा. अभि सुवेदीको जीवनी र योगदानमा परिचित हुन । | डा. अभि सुवेदीको ब्यक्तिगत विवरण, पारिवारिक पृष्ठभूमि, उनको संघर्ष, त्याग र कृयाकलापहरु र उनले साहित्यिक, सामाजिक तथा राजनैतिक योगदानहरु | डा. अभि सुवेदीको तस्विर देखाउने उनको जीवनी संग सम्वन्धित परिवार, आफन्तजन र उनलाई वुझ्ने जान्ने व्यक्तिहरुवाट कुरा वुझेर विद्यार्थीलाइ प्रष्ट पार्ने । सकेसम्म त्यस्ता व्यक्तित्वसंग विद्यार्थीलाई साक्षात्कार गराउने । | छोटो तथा लामो उत्तरात्मक प्रश्नहरु सोध्ने । |

म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल
स्था : २०७१

नगर प्रमुख